# संघीय नेपालमा स्थानीय सरकार र विद्यालय शिक्षा

**लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती र रुख गुरुङ**

संघीय विधायिका, प्रादेशिक विधायिका र स्थानीय सरकारको निर्वाचनसँगै संघीय गणतान्त्रिक नेपालको संविधान, २०७२ क्रियान्वित हुँदैछ । पुरानो शासन व्यवस्था (एकात्मक) बाट नयाँ शासन व्यवस्था (संघीय) मा जाने क्रममा नयाँ संविधान मार्फत तीनै थरी सरकारबीच अधिकार र दायित्वहरू बाँडफाँट गरिएको थियो । त्यससँगै, हिजोसम्म केन्द्रीय सरकार मातहत रहिआएको विद्यालय शिक्षाको सञ्चालन प्रक्रिया अहिले स्थानीय सरकारको क्षेत्राधिकारभित्र आएको छ। तर, विद्यालय शिक्षा सम्बन्धी संवैधानिक अधिकार क्रियान्वित गर्ने क्रममा केही गम्भीर समस्या देखिएका छन्। खास गरी शिक्षकहरूका संघ/संगठनको प्रतिरोध र संघीय सरकार तथा कर्मचारी संयन्त्रको समेत असहयोगका कारण शिक्षा क्षेत्रमा संघीयताको जुन परिकल्पना गरिएको हो त्यसले अपेक्षित सफलता प्राप्त गर्ने देखिँदैन । र, हाल व्यवहृत हुँदै गरेको नेपालको संघीय व्यवस्थालाई खास गरी शिक्षा क्षेत्रको झ्यालबाट चियाउँदा यो फर्जी संघीयता, वा बढीमा देखावटी संघीयतामा रूपान्तरण हुँदै गएको छ भन्ने तर्क यो लेखमा गरिएको छ ।

केन्द्रीय सत्ता र शक्तिमा पकड जमाएर बसेका सरोकारवालाको अरुचि (र केहीको हकमा विरोध) का बाबजुद विद्यालय शिक्षामा स्थानीय सरकारको संलग्नता ह्वात्तै बढिसकेको छ। त्यस्तो संलग्नताका विविध आयाम छन् र तिनले आफ्नै स्वरूप, संरचना ग्रहण गरिसकेका छन्, जसबारे यो लेखको दोस्रो खण्डमा विस्तृत चर्चा गरिएको छ । यावत कमजोरीका बाबजुद संघीय व्यवस्थामा जाँदा नेपालको सार्वजनिक शिक्षामा झिनै सही सुधारका केही संकेत देखिएको समेत यो लेखले देखाउँछ ।

यो लेखलाई मुख्य दुई खण्डमा बाँडिएको छ । पहिलो खण्डमा विद्यालय शिक्षा सम्बन्धमा व्यवस्था गरिएका संवैधानिक एवं कानूनी प्रावधान, सरोकारवालाहरू (शिक्षक महासंघ, शिक्षामन्त्री/मन्त्रालय, कर्मचारीतन्त्र, स्थानीय सरकारका महासंघ) का भूमिका एवं रणनीति र ती पछाडिका अन्तर्निहित कारण केलाइएको छ । दोस्रो खण्डमा स्थानीय सरकार अन्तर्गत विद्यालय शिक्षा सञ्चालन हुँदाका विविध आयामलाई छ उपखण्डमा बाँडेर विश्लेषण गरिएको छ । अन्तमा छोटो निष्कर्ष पेश छ ।

यो अध्ययनमा संघीय तथा स्थानीय सरकारका नीति-नियम-निर्देशिका-परिपत्र, तिनका प्रकाशन र सार्वजनिक रूपमा उपलब्ध अभिलेख, र संविधान-नियम-कानून-नियमावली

*समाज अध्ययन १४ : ८३–११८, २०७६*

केलाइएको छ । त्यस बाहेक, विद्यालय शिक्षा सम्बन्धमा विभिन्न पत्रपत्रिकामा छापिएका सामग्री समेत अध्ययन क्रममा हेरिएको थियो । यो अध्ययनको अर्को मूल आधार भनेको १३ ओटा जिल्ला (कञ्चनपुर, कैलाली, सुर्खेत, बर्दिया, बाँके, नवलपुर, चितवन, काठमाडौँ, काभ्रेपलाञ्चोक, धनुषा, सप्तरी, मोरङ र इलाम) का शिक्षामा सरोकार राख्ने करिब पाँच दर्जन व्यक्तिसँग गरिएको अन्तर्वार्ता हो । चैत २०७५ देखि पुस २०७६ बीचमा गरिएका यी अन्तर्वार्तामा २८ जना प्रधानाध्यापक (प्रअ)/शिक्षक, दश जना स्थानीय जनप्रतिनिधि, १४ जना शिक्षा अधिकारी, चार जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र तीन जना पत्रकार/ बुद्धिजीवी सहभागी थिए । अध्ययनकै क्रममा कैलाली, सुर्खेत, काठमाडौँ, काभ्रे, सप्तरी र इलाममा "संघीयता र विद्यालय शिक्षा" विषयमा अन्तर्क्रिया कार्यक्रम समेत गरिएको थियो ।[१] ती कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका अधिकारी र नगर/ गाउँपालिका शिक्षा हेर्ने पदाधिकारी, स्थानीय जनप्रतिनिधि, शिक्षक र तिनका पेशागत संघ/संगठनका सदस्य/पदाधिकारी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं सदस्य गरी करिब २ सय जनाले भाग लिएका थिए । ती कार्यक्रममा सहभागीले व्यक्त गरेका विचारलाई पनि यो लेख तयार गर्ने क्रममा प्रयोग गरिएको छ ।

## संवैधानिक/कानूनी प्रावधान एवं सरोकारवालाका भूमिका

नेपालको संविधान, २०७२ मा शिक्षाको हकलाई मौलिक हक अन्तर्गत राखिएको छ । नेपालका प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था संविधानले गरेको छ । संविधानको अनुसूची ८ मा प्रस्ट रूपमा विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकार भित्र राखिएको छ (नेपाल सरकार २०७२) ।[२]

[१] कैलालीमा पुस १०, सुर्खेतमा असोज ६, काठमाडौँमा वैशाख ४, काभ्रेमा भदौ २९, सप्तरीमा कात्तिक २९ र इलाममा पुस २६ मा यस्ता अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

[२] नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । त्यसै गरी अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक समेत छ । साथै, मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत संविधानले प्रदान गरेको छ (हेर्नुहोस्, नेपाल सरकार २०७२) ।

संविधान प्रदत्त उक्त अधिकारको बाँडफाँटलाई व्यवस्थित गर्न संघीय सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेतृत्व गरेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा ल्यायो । यो ऐनले आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा सञ्चालन/व्यवस्थापन स्थानीय सरकार मातहत राख्दै स्थानीय तहमा शिक्षा नीति, ऐन-नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक/कर्मचारीको दरबन्दी मिलान जस्ता अधिकार स्थानीय सरकारलाई दियो । ऐनले विद्यालय व्यवस्थापन समितिको गठन र विद्यालयको वित्तीय व्यवस्थापन समेत स्थानीय सरकारको अधिकार क्षेत्रमा राख्यो (हेर्नुहोस्, नेपाल सरकार २०७४) । संघीय सरकारले नै बनाएको तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (यहाँ उप्रान्त शिक्षा मन्त्रालय मात्र लेखिने) ले नेतृत्व लिएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले "प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ" भन्यो (नेपाल कानून आयोग २०७५) ।

संविधान र खास गरी स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम पछिल्लो समय विभिन्न स्थानीय सरकार (गाउँ/नगरपालिका) ले विद्यालय शिक्षा सम्बन्धी स्थानीय ऐन, नियम, आदि बनाएका छन् (थप तल) । यस अवधिमा विद्यालय व्यवस्थापन समिति भंग गर्ने, प्रधानाध्यापक परिवर्तन गर्ने, शिक्षक सरुवा गर्ने जस्ता गतिविधि स्थानीय सरकारले गरेका छन्, जसलाई शिक्षक र तिनका पेशागत संघ/संगठनहरूले विरोध गर्दै यी गतिविधि विरुद्ध अदालत समेत गुहारेका छन् । कतिपय ती मुद्दा अदालतमा अझै विचाराधीन छन्, पूर्ण टुंगोमा पुगिसकेका छैनन् (यसबारे थप शिक्षक व्यवस्थापन खण्डमा) ।

स्थानीय सरकार मातहत विद्यालय शिक्षा ल्याइएको विरोधमा शिक्षक संघ/संगठनले आन्दोलन गरिरहेका छन् । उनीहरूको आन्दोलनलाई पुठ दिँदै पुस दोस्रो हप्ता २०७५ मा शिक्षा मन्त्रालयको आग्रहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय शिक्षा ऐन नबनेसम्म स्थानीय सरकारलाई स्वतन्त्र ढंगले शिक्षा सम्बन्धी कानून बनाउन रोक लगायो (मिश्र २०७५) । आफैले नेतृत्व लिएर तयार गरेको स्थानीय सरकार सञ्चालन ऐनको मर्म विपरीत हुने गरी उक्त मन्त्रालयले यो कदम चालेको हो । यो संवैधानिक र कानूनी परिप्रेक्ष्यमा विभिन्न सरोकारावालाले गरेका गतिविधि र तिनको अन्तर्यलाई यो खण्डमा केलाइएको छ ।

## *शिक्षक र तिनका संघ/संगठनको प्रतिरोध*

स्थानीय सरकारले विद्यालय शिक्षा सञ्चालन गर्ने कुराको शिक्षकहरूले किन विरोध गरेका हुन् भनेर बुझ्न शिक्षा क्षेत्रमा विगत (खास गरी पञ्चायत काल, वि.सं.२०१७–२०४६) मा भएको राजनीतिक हस्तक्षेप र सोको दुष्प्रभावलाई समेत ध्यान दिन जरुरी छ । पहिले मूलत:

सामुदायिक नियन्त्रणमा रहेको नेपालको विद्यालय क्षेत्रलाई नयाँ शिक्षा योजना अन्तर्गत २०२८ सालमा सरकारीकरण गरिएपछि समग्र शिक्षालय र शिक्षकहरू "सरकारी" बनाइए। शिक्षक र विद्यार्थीलाई विपक्षी राजनीतिमा संलग्न हुनबाट रोक्ने र उनीहरूलाई राज्यको पूर्ण नियन्त्रण राख्ने अभिप्रायले ल्याइएको यो शिक्षा नीतिले शिक्षा क्षेत्रलाई समुदायबाट अलग्यायो; सरकारी नियन्त्रणमा पुऱ्यायो । तर शिक्षा क्षेत्रलाई राजनीतिक (दलहरूको) पहुँच र प्रभावबाट टाढा राख्न सकेन (पराजुली सन् २०१९) । सरकारी कर्मचारी सरह बनाइएका शिक्षकहरू समुदायमा रहने तर समुदायप्रति उत्तरदायी हुन नपर्ने व्यवस्थाले शिक्षा क्षेत्रको गुणस्तर खस्कँदै गयो ।

समुदायलाई शिक्षा क्षेत्रबाट अलग्याउने कार्य गलत थियो भन्ने कुराको पछि बोध भयो (कार्ने, विष्ट र एगरगार्ड सन् २००७) । २०५८ सालमा गरिएको शिक्षा ऐनको सातौँ संशोधनबाट केही हदसम्म पहिलेको गल्ती सुधार्ने प्रयत्न गरियो । पहिले सरकारी भनिने विद्यालयलाई अब "सामुदायिक विद्यालय" नामकरण गरियो । संशोधित शिक्षा ऐनमा विद्यालय समुदायमा "हस्तान्तरण" गर्ने प्रस्ट उल्लेख नगरे पनि यस ऐनको मूल मर्म सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने नै थियो (घिमिरे २०६४) । ऐनमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सहित बहुमत सदस्य अभिभावकबाट छानिने प्रावधान राखियो (नेपाल कानून आयोग २०५८) । तर, विद्यालयको स्वामित्व समुदायमा फर्काउने यो प्रयत्नले अपेक्षित सफलता पाएन, जसको प्रमुख कारण शिक्षक र तिनका संघ/संगठनको प्रतिरोध थियो (नेपाल २०६५) ।[३]

जब संघीय गणतान्त्रिक नेपालको संविधान लेखन क्रम शुरू भयो तब केन्द्रका अधिकार प्रदेश र स्थानीय सरकारमा बाँडफाँट गर्ने कुरा बहसको केन्द्रमा रह्यो । विद्यालय शिक्षालाई स्थानीय सरकार मातहत ल्याउने विषयमा दलहरूबीच खासै मतभेद देखिएन । तर, त्यसो नहोओस् भन्ने शिक्षक संघ/संगठनहरूको जिरह रह्यो । विद्यालय शिक्षालाई स्थानीय सरकार मातहत नै रहने गरी संविधानको मस्यौदा बाहिर आएपछि शिक्षकहरूको छाता संगठन नेपाल शिक्षक महासंघले त्यसो नगर्न सुझाव दियो, र "लबिइङ" गऱ्यो (शर्मा सन् २०१७ ) । यद्यपि, उनीहरूको सो प्रयत्न सफल भएन, र नेपालको संविधान, २०७२ मा माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखियो ।

[३] तात्कालिक नेपाल कम्युनिष्ट पार्टी-एमालेका नेता प्रदीप नेपालले विश्वबैंकको सहयोगमा विद्यालयलाई समुदायमा फिर्ता गर्न खेलेको भूमिकाकै कारण आफूहरूले "उनको राजनीति सकिदिएको" विराटनगरस्थित एक शिक्षक-नेताले कुराकानी क्रममा पटक-पटक दोहोऱ्याएका थिए । मोरङको एक विद्यालयका प्रअ तथा शिक्षक संगठनका नेतासँग कात्तिक ३०, २०७६ मा गरिएको कुराकानी ।

संविधानको घोषणा भएको करिब एक वर्षपछि मंसिर १६–१७, २०७३ मा काठमाडौँमा सम्पन्न नेपाल शिक्षक महासंघको विधान अधिवेशनले संघीय प्रणालीमा विद्यालय शिक्षा सञ्चालनबारे सात ओटा प्रस्ताव पारित गरेको थियो । तीमध्ये प्रस्ताव संख्या ५ मा "नेपालको संविधानद्वारा निर्दिष्ट गरिए बमोजिमको विद्यालय शिक्षालाई प्रान्त र स्थानीय सरकारद्वारा व्यवस्थित गर्ने भनिएकोमा तत्कालको लागि स्थानीय सरकारको सट्टा संघ र प्रान्तीय सरकारहरूद्वारा व्यवस्थापन गर्नुपर्ने" उल्लेख छ ।[४] यसले स्थानीय सरकारको मातहतमा रहने कुरामा शिक्षकहरूको अरुचि प्रस्ट्याउँछ (दाहाल २०७३) । आफ्नो माग सम्बोधन नभएपछि सोही मुद्दा लिएर शिक्षकहरूका संगठन गएको तीन वर्षदेखि आन्दोलनरत छन् । गत वर्ष (वैशाख २५, २०७५) शिक्षक महासंघले शिक्षामन्त्रीलाई बुझाएको २३ बुँदे ज्ञापनपत्रमा अन्य विषयका अतिरिक्त "शिक्षक सेवा आयोगलाई संवैधानिक आयोगको रूपमा गठन गर्न" र "विद्यालय तहको शिक्षालाई तीन ओटै तहको सरकारहरूको संयुक्त कार्यसूचीमा राख्न" माग गरेका थिए । साथै, उनीहरूले "विद्यालय तहको शिक्षा व्यवस्थापनका नाममा संघीय मामिला...मन्त्रालय र स्थानीय तहको अनावश्यक हस्तक्षेप बन्द गर्न" समेत भनेका थिए । आफूले उठाएका मुद्दा सम्बोधन गरियोस् भनेर महासंघले चरणबद्ध रूपमा "प्रचारात्मक, असहयोगात्मक र अवरोधात्मक" कार्यक्रम तय गऱ्यो ।[५]

नेपाल सरकार र महासंघबीच विगतमा पटक-पटक गरिएका सहमति/सम्झौता कार्यान्वयन नभएको भन्दै महासंघले असोज दोस्रो हप्ता २०७५ मा २६ ओटा माग राखेर दुई महिने (असोज २१ देखि मंसिर २१, २०७५ सम्म) आन्दोलन घोषणा गऱ्यो । "स्थानीय सरकारले शिक्षा सम्बन्धी गरेका गतिविधि रोक्नु पर्ने" माग समेत राखिएको सो आन्दोलनका कार्यक्रममा सबै स्थानीय निकाय, जिल्ला, प्रदेश सरकारमा धर्ना दिने, जुलुस गर्नेदेखि काठमाडौँमा बृहत् विरोधसभा आयोजना गर्नेसम्म थिए ।[६] मागको दोस्रो बुँदामा भनिएको छ :

[४] सो अधिवेशनले अघि सारेका मागका लागि हेर्नुहोस्, http://educationpati.com/cntnews121?fbclid=IwAR1Da8si8iFsogDTQL 39DnNG9vCOMTm UG_O-qaxIPzKC6WtE0IFaemFezM; वैशाख २, २०७६ मा हेरिएको ।

[५] वैशाख २५, २०७५ मा नेपाल शिक्षक महासंघले शिक्षामन्त्रीलाई बुझाएको २३ बुँदे ज्ञापनपत्रका लागि हेर्नुहोस्, http://educationpati.com/9jesthacnt; वैशाख २५, २०७६ मा हेरिएको ।

[६] नेपाल शिक्षक महासंघले घोषणा गरेका माग र आन्दोलनका कार्यक्रम www.janaboli.com/post/165449 मा उपलब्ध छ; जेठ २, २०७६ मा हेरिएको ।

> संघीय तथा प्रादेशिक शिक्षा ऐन नबनिसकेको र मौजुदा शिक्षा ऐन र नियमावली क्रियाशील रहिरहेका अवस्थामा स्थानीय तहबाट आफू खुशी कार्यविधि, नियमावली तथा ऐन बनाई कार्यान्वित गर्न समेत थालिएको छ । संघीय तथा प्रादेशिक शिक्षा ऐनमा आधारित भएर बन्नु पर्ने स्थानीय तहको ऐन संघीय तथा प्रादेशिक शिक्षा ऐनभन्दा अघि बन्नु र बनाइनु सर्वथा अनुचित र संविधानको मर्म विपरीत कार्य हो । त्यसैले संघीय तथा प्रादेशिक शिक्षा ऐन नबनेसम्म यस्ता ऐन तथा कानून बनाउने र जारी गर्ने कार्य अविलम्ब रोक्न स्थानीय तहलाई कडा निर्देशन दिइयोस् ।

सोही मागको तेस्रो बुँदामा भनिएको छ :

> जथाभावी ऐन, निर्देशिका वा कार्यविधि बनाई स्थानीय तहले प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरूको नियुक्ति, सरुवा तथा बर्खास्ती गरी आम शिक्षक र विद्यालय कर्मचारीहरूमा आतंक सिर्जना गरेको थुप्रै घटनाहरू सार्वजनिक भइरहेका छन् । यस्ता कार्य नगर्न सम्मानित अदालतले समेत निर्देश गरिसकेको छ । तर पनि ज्यादती, घटना बन्द भएका छैनन् । हामी यस्ता ज्यादती र जोर जबर्जस्तीको घोर भर्त्सना गर्दछौँ । अहिलेको अवस्थामा यस्ता अवैधानिक कार्यहरू अविलम्ब बन्द गर्न स्थानीय तहलाई कडा निर्देशन जारी गरियोस् ।

विद्यालय शिक्षा सम्बन्धी गाउँ/नगरपालिकाले शिक्षा ऐन/नियम बनाउन थालेपछि शिक्षक संघ/संगठनका प्रतिनिधि र शिक्षक थप विरोधमा उत्रिएका हुन् (कान्तिपुर २०७५क) । "राष्ट्रिय शिक्षा ऐन" नबनिकन स्थानीय स्तरमा बन्ने शिक्षा सम्बन्धी ऐन, नियम आफूलाई मान्य नहुने उनीहरूको जिकिर छ (काफ्ले २०७५) । विद्यालय शिक्षाको सञ्चालन/व्यवस्थापनमा स्थानीय सरकारको अधिकार सीमित गर्दै यसलाई पुनः पुरानै केन्द्रीकृत संरचनामा लान उनीहरूले चाहेका छन् । अब बन्ने संघीय शिक्षा कानूनमा शिक्षकको तलब, भत्ता, पेन्सन, उपदान र औषधीजस्ता सेवा सर्त र सुविधाको दायित्व संघीय सरकारमा हुने र प्रदेश/स्थानीय सरकारले ती सेवा सर्त र सुविधा परिवर्तन गर्न नसक्ने प्रावधान राख्न महासंघले माग गरेको छ ।[७]

विद्यालय तहको शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राख्नु पर्ने मागलाई शिक्षक महासंघले गएको तीन वर्षदेखि निरन्तर रूपमा उठाउँदै आइरहेको छ (दाहाल २०७३) । संविधानको अनुसूची ८ मा स्थानीय सरकारको अधिकारको सूचीको रूपमा विद्यालय शिक्षा प्रस्ट रूपमा राखिएको भए पनि अनुसूची ९ को दोस्रो बुँदामा

[७] शिक्षकहरूका मागका लागि हेर्नुहोस्, www.janaboli.com/post/165449; वैशाख २३, २०७६ मा हेरिएको ।

साझा सूचीको रूपमा "शिक्षा, खेलकुद र पत्रपत्रिका" समेत उल्लेख भएकोले र संविधानले "आधारभूत/माध्यमिक बाहेकको शिक्षा" भन्ने नतोकेकोले माध्यमिक शिक्षा समेत तीन ओटै सरकारको अधिकार क्षेत्रभित्र रहने तर्क उनीहरूले गरेका छन् । आफ्ना मागहरूको सुनुवाइ नभए आन्दोलन चर्काएर भए पनि संविधान संशोधन गर्नेतर्फ लाग्ने उनीहरूले बताएका छन् ।[८]

## *संघीय सरकार र कर्मचारीतन्त्रको भूमिका*

वि.सं. २०७२ को संविधान जारी भएपछि शिक्षा मन्त्रालयले विद्यालय तहको शिक्षाबारे गरेका विभिन्न निर्णयलाई पहिले केलाऔँ । संविधानमा राजनीतिक एकाइको रूपमा जिल्लाको व्यवस्था नगरिएकाले नयाँ संस्था (स्थानीय सरकार) हरूले पहिलेको जिल्ला शिक्षा कार्यालय (जिशिका) ले गरिआएको कामको स्वामित्व ग्रहण नगर्दा सम्मका लागि संघीय सरकारले संक्रमणकालीन व्यवस्था गऱ्यो । वैशाख २७, २०७४ मा मन्त्रिपरिषद्‌ले साविक जिशिकालाई "शिक्षा विकास तथा समन्वय एकाइ" (शिक्षा एकाइ) मा रूपान्तरण गरेर जिल्ला प्रशासन कार्यालय (गृह मन्त्रालय) अन्तर्गत राख्ने निर्णय गऱ्यो ।[९] सरकारको यस निर्णयप्रति शिक्षा सेवा तर्फका कर्मचारी सन्तुष्ट थिएनन् । उनीहरूको यस्तो असन्तुष्टिपछि पुस ९, २०७५ को मन्त्रिपरिषद् बैठकले सो एकाइलाई पुन: शिक्षा मन्त्रालय अन्तर्गत रहेको "शिक्षा तथा मानव स्रोत विकास केन्द्र" मातहत राख्ने निर्णय गऱ्यो (कान्तिपुर २०७५ख) ।

शिक्षा मन्त्रालयका पछिल्ला गतिविधि हेर्दा उसले यो एकाइलाई साविक जिशिकाको रूपमा विकास गर्न चाहेको देखिन्छ । उदाहरणका लागि, शिक्षा मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वैशाख ५, २०७६ मा स्थानीय सरकारको अधिकारमा हस्तक्षेप गर्दै करारमा शिक्षक नियुक्त गर्न ७७ ओटै जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइलाई एक परिपत्र जारी गऱ्यो । शिक्षा नियमावली २०५९ को नियम ९७ को व्यवस्था अनुसार शिक्षा मन्त्रालयले करारमा शिक्षक नियुक्त गर्न यो परिपत्र जारी गरेको जनाइएको छ (पाण्डे २०७६क) ।[१०] साथै, यो परिपत्रमा शिक्षा सेवा आयोगले

[८] एडुखबर डट कम र मार्टिन चौतारीले वैशाख ४, २०७६ मा "संघीयतामा विद्यालय शिक्षा : सरोकारवालाबीच अन्तर्क्रिया" कार्यक्रममा नेपाल शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले प्रस्तुत गरेको विचार ।

[९] शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चैत २८, २०७४ मा जिल्ला शिक्षा अधिकारीहरूलाई "शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख भई कार्य गर्ने" सम्बन्धमा दिएको परिपत्र; प.सं. २.१.१६/०७४/०७५ (क.प्र.), च.नं. १५१७ ।

[१०] शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वैशाख ५, २०७६ मा शिक्षा विकास तथा समन्वय एकाइलाई "करार शिक्षक नियुक्ति सम्बन्ध" मा जारी गरेको परिपत्र; प.सं. २०७५/०७६ शि.ब्य.च.नं. १४८ ।

गराएको आन्तरिक प्रतिस्पर्धामा असफल भएका, परीक्षामा सहभागी नभई सेवासुविधा लिएर घर जाने र अनिवार्य अवकाशमा परेर रिक्त भएका दरबन्दीमा शिक्षक नियुक्त गर्न लागिएको भनिएको छ । एक समाचारमा जनाइए अनुसार यो परिपत्र अनुसार कार्यान्वयन भए (संघीय सरकारले) करिब दश हजार शिक्षक करारमा नियुक्त गर्ने अनुमान छ (कैनी २०७५ख, २०७६) । त्यसै गरी, वैशाख २२, २०७६ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइलाई शिक्षकको सरुवा गर्न सक्ने परिपत्र समेत जारी गऱ्यो (पाण्डे २०७६ख) ।[११]

शिक्षा मन्त्रालयको उक्त परिपत्र संविधानको व्यवस्था विपरीत भएको भन्दै गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघले आपत्ति जनाएका छन् । उनीहरूले "संविधानले नै आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य स्थानीय सरकारको एकल अधिकारको रूपमा प्रदान गरिसके पश्चात् पनि करार शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय सरकारसँग कुनै सरोकार नराखी शिक्षा विकास तथा समन्वय एकाइ मार्फत संघीय सरकार आफैले गर्न खोज्नु संविधानको व्यवस्था विपरीत रहेको छ" भनेका छन् (एडुखबर डट कम २०७६) । साथै, शिक्षकहरूको नियुक्ति र परिचालन स्थानीय सरकारको अधिकार क्षेत्र भएको बताउँदै स्थानीय सरकारको स्वीकृतिबिना गरिने यस्ता कार्यप्रति समेत उनीहरूले आपत्ति जनाए । गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघले शिक्षा मन्त्रालयले गरेका यी निर्णयलाई "संघीयता कार्यान्वयनको शुरूआती चरणमै संघीय सरकारका मन्त्रालयबाट स्थानीय सरकारलाई संवैधानिक अधिकारको प्रभावकारी प्रयोगमा सहजीकरण गर्नुको सट्टा संकुचन गर्न खोज्नु दुर्भाग्यपूर्ण रहेको" भनेका छन् ।[१२]

पहिले आपसमा राम्रो मिल्ती नभएका दुई संस्था—शिक्षा मन्त्रालय र शिक्षक महासंघ—बीच अहिले मतैक्य देखिएको छ ।[१३] खास गरी स्थानीय सरकारलाई संविधानले प्रदान गरेको विद्यालय शिक्षा सञ्चालन/प्रबन्धनको अधिकार स्थानीय सरकारमा नजाओस् र पुरानै व्यवस्था अनुरूप जिल्ला/संघमै सो अधिकार रहिरहोस् भन्ने दुवैको चाहना भएको उनीहरूका गतिविधिले देखाएको छ । उदाहरणका लागि शिक्षा मन्त्रालय र नेपाल शिक्षक महासंघबीच फागुन ९, २०७५ मा भएको २० बुँदे सम्झौताको एउटा बुँदा हेरौँ । सहमति पत्रमा जिल्लामा शिक्षाको एकाइ स्थापनाबारे भनिएको छ :

[११] शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वैशाख २२, २०७६ मा शिक्षा विकास तथा समन्वय एकाइलाई "सरुवा सम्बन्ध" मा जारी गरेको परिपत्र; प.सं. २०७५/०७६ शि.ब्य.च.नं. १५७ ।

[१२] गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले वैशाख ८, २०७६ मा विद्यालयमा शिक्षक व्यवस्थापन सम्बन्धमा जारी गरेको ध्यानाकर्षण पत्र ।

[१३] शिक्षक संघ/संगठनका प्रतिनिधिसँग चैत २०७५ मा गरिएको कुराकानी ।

संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा रहने गरी र प्रदेश सरकारको समेत काम गर्ने गरी जिल्लामा शिक्षा मन्त्रालयको एकाइ व्यवस्था गर्ने र त्यस्तो एकाइको कार्य विवरणमा शिक्षकको नियुक्ति, सरुवा तथा पदस्थापन, बढुवा, शिक्षकको लामो बिदा स्वीकृति, शिक्षाको बिदा प्रमाणीकरण, विभागीय सजाय र सोको अभिलेखीकरण, पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी काम, शिक्षक सेवा आयोग र शिक्षक किताबखाना सम्बन्धी काम, कक्षा १० र १२ को सार्वजनिक परीक्षा व्यवस्थापन जस्ता विषयहरू राख्ने प्रबन्ध गर्ने ।[१४]

नयाँ बन्न गइरहेको "राष्ट्रिय शिक्षा ऐन" मा उपरोक्त बुँदा समावेश गर्ने भन्नेमा शिक्षा मन्त्रालय र शिक्षक महांसघबीच सहमति भइसकेको छ (कैनी २०७५ख) । माथिको सहमतिले शिक्षक नियुक्ति, सरुवा तथा पदस्थापन, बढुवा र शिक्षकको बिदा स्वीकृति जस्ता विषयलाई शिक्षा मन्त्रालय मातहतमा रहने जिल्लास्थित "शिक्षा विकास तथा समन्वय एकाइ" मातहत ल्याउन चाहेको देखिन्छ । त्यसै गरी, शिक्षकको सेवा सर्त र सुविधाको मापदण्ड संघीय सरकारले तोक्ने र सेवा निवृत्त शिक्षकको निवृत्तिभरण र स्थायी शिक्षकको रूपमा काम गर्दै गरेका सबै शिक्षकको तलब भत्ता, निवृत्तिभरण, उपदान, औषधी उपचार तथा बिमा खर्चको दायित्व संघीय सरकारमा रहने प्रावधान समेत प्रस्तावित संघीय शिक्षा ऐनमा राख्ने सम्झौता उनीहरूबीच भएको छ ।[१५]

यो सम्झौता संविधान विपरीत त देखिन्छ नै, संघीय सरकार स्वयंले बनाएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको "सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्न सक्ने" प्रावधानको पनि खिलाफ छ ।[१६] यदि यो सम्झौता अनुरूप "राष्ट्रिय शिक्षा ऐन" बन्ने हो भने स्थानीय सरकारको अधिकार केन्द्र सरकारले पठाएको तलबभत्ता शिक्षकलाई वितरण गर्नेमा मात्र सीमित हुनेछ (कैनी २०७५ख) । यो सम्झौताले गर्दा "संविधान तथा कानूनको विरुद्ध हुने गरी कुनै सरकारी निकायले सहमति/सम्झौता गर्न मिल्छ/सक्छ ?" भन्ने प्रश्न समेत उब्जिएको छ ।

शिक्षा मन्त्रालयका यस्ता गतिविधिलाई स्थानीय जनप्रतिनिधिका छाता संगठन गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले "संविधानको व्यवस्था विपरीत" भन्दै यसको विरोध समेत गरेका छन् (कैनी २०७५क) । विद्यालय शिक्षा

[१४] हेर्नुहोस्, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच फागुन ९, २०७५ मा भएको सहमतिको बुँदा नं. ३ (ग) ।

[१५] हेर्नुहोस्, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच फागुन ९, २०७५ मा भएको सहमतिको बुँदा नं. ६ क र ख ।

[१६] हेर्नुहोस, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ (११) ।

संवैधानिक रूपले नै स्थानीय सरकारको क्षेत्राधिकारमा परेको भन्दै विद्यालय सञ्चालनका सबै अधिकार स्थानीय सरकारमा रहनुपर्ने तर्क उनीहरूको छ ।[१७]

विद्यालय शिक्षाको व्यवस्थापनबारे सरोकारवालाबीच भएको असहमतिले राष्ट्रिय शिक्षा ऐन निर्माणमा ढिलाइ भइरहेको बुझ्न कठिन छैन । २०७३ सालयता सो ऐनका कम्तिमा तीन ओटा प्रस्तावित मस्यौदा सार्वजनिक भएका छन् ।[१८] "प्रस्तावित राष्ट्रिय शिक्षा ऐन २०७५" विधेयकमा रहेका कतिपय प्रावधानप्रति विमति जनाउँदै २०७५ फागुनको तेस्रो साता गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई संयुक्त ध्यानाकर्षण पत्र बुझाए । पत्रमा प्रस्तावित ऐनको मस्यौदाले संघीयतालाई "पूरै बिर्सिएको" भनिएको छ । स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा रहेको हरेक विषयमा "यस ऐन र तोकिए बमोजिम हुनेछ" भन्ने प्रावधानप्रति आपत्ति जनाउँदै मस्यौदामा दफावार रूपमा सुझाव दिन उपयुक्त नदेखिएकोले तीन तहकै सरकारका सरोकारवालाको समन्वयमा ऐनको मस्यौदाको पुन:लेखन हुनुपर्ने उनीहरूको माग छ । सो ध्यानाकर्षण पत्रको दोस्रो बुँदामा भनिएको छ :

> शिक्षा सम्बन्धी स्थानीय तहमा रहेको सबै एकल अधिकारको प्रयोग स्थानीय तहले बनाएको कानून र संरचना अनुसार हुने भएकोले सोही कामको लागि पुनः जिल्ला स्तरमा अर्को कुनै संरचना आवश्यक पर्दैन । यसले काममा दोहोरोपना, खर्चिलो र द्विविधा बढ्न जानेछ । जसको असर संघीयता महँगो शासन पद्धती हो भन्ने आवाजलाई थप बुलन्द पार्दै जानेछ ।

सो पत्रको तेस्रो बुँदामा अगाडि भनिएको छ :

> विद्यालय शिक्षक र कर्मचारी प्रशासन स्थानीय सरकारप्रति नै उत्तरदायी भएमा मात्र शिक्षाको गुणस्तर वृद्धि गर्न सकिन्छ । हिजोको शिक्षाप्रणालीमा भएको केन्द्रीकृत व्यवस्थालाई संविधानले संघीय संरचनामा रूपान्तरित गर्नु र संविधानले नै आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा राखिदिनुको उद्देश्य पनि त्यही

[१७] एडुखबर डट कम र मार्टिन चौतारीले वैशाख ४, २०७६ मा आयोजना गरेको "संघीयतामा विद्यालय शिक्षा : सरोकारवालाबीच अन्तर्क्रिया" कार्यक्रममा गाउँपालिका महासंघका अध्यक्ष होमनारायण श्रेष्ठले प्रस्तुत गरेको विचार ।

[१८] यी फरक-फरक मितिमा छलफलका लागि सार्वजनिक भएका ऐनका मस्यौदा मार्टिन चौतारीको पुस्तकालयमा सुरक्षित रहेका छन् ।

हो । तसर्थ, माध्यमिक शिक्षा सम्मको शिक्षक र कर्मचारी प्रशासन स्थानीय सरकारकै मातहतमा रहनु पर्दछ ।[१९]

अहिले विद्यालय शिक्षा सञ्चालन/व्यवस्थापनबारे सबैभन्दा पेचिलो विषय भनेको शिक्षक सञ्चालन (नियुक्ति, सरुवा, बढुवा) कसले गर्ने भन्ने हो । शिक्षक नियुक्ति, सरुवा, बढुवा (र, आवश्यक परे शिक्षक बर्खास्त) जस्ता अधिकार स्थानीय सरकारमा रहनु पर्ने धारणा गाउँपालिका महासंघ र नगरपालिका संघको छ ।[२०] पछिल्लो समय शिक्षा मन्त्रालय पनि शिक्षक सञ्चालन/व्यवस्थापन प्रक्रियामा आफ्नो भूमिकालाई कुनै न कुनै रूपमा कायमै राख्न चाहन्छ । शिक्षक पनि स्थानीय सरकारको मातहतमा रहनु भन्दा पुरानै संरचना (शिक्षा मन्त्रालय/जिल्ला शिक्षा कार्यालय) मातहतमा रहन बढी खुशी देखिन्छन् । त्यो सम्भव नभए प्रादेशिक तहको मातहत आउने उनीहरूको रणनीति देखिन्छ ।[२१] भविष्यमा बन्ने “राष्ट्रिय शिक्षा ऐन” मा शिक्षक भर्ना, सरुवा बढुवा र उनीहरूले प्राप्त गर्ने सेवा-सुविधाको निर्णय गर्न सक्ने अधिकार शिक्षा मन्त्रालयमा निहित रहने र शिक्षक संघ/संगठन विद्यालयका शिक्षक स्थानीय सरकारप्रति जबाफदेही हुन नपर्ने कानूनी संरचना तयार गर्नेतर्फ उनीहरू उद्यत देखिन्छन् ।

## विद्यालय शिक्षामा स्थानीय सरकारको सहभागिताका आयाम

नयाँ संविधानले विद्यालय शिक्षालाई स्थानीय सरकार मातहत हुने व्यवस्था गरेपछि, सामुदायिक विद्यालयका शिक्षकहरूको तलब स्थानीय सरकार मार्फत वितरण हुन थालेपछि, र जिल्ला शिक्षा कार्यालय (जिशिका) को पुरानो शक्ति बाँकी नरहेपछि, सामुदायिक विद्यालय प्रशासन चाहेर-नचाहेर आफ्नो विद्यालय अवस्थित स्थानीय सरकार नजिक आइपुगेका छन् । यससँगै स्थानीय सरकारको विद्यालय सञ्चालन प्रक्रियामा सहभागिता बढेको छ र त्यस्तो सहभागिताका केही आयाम छन्, जसबारे यो खण्डमा छ विभिन्न उपशीर्षकमा चर्चा गरिन्छ ।

[१९] गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले “शिक्षामन्त्री समक्ष प्रस्तुत गरेको संयुक्त ध्यानाकर्षण पत्र” (मिति नखुलेको) । यो पत्र गाउँपालिका राष्ट्रिय महासंघको कार्यालयबाट प्राप्त भएको हो ।

[२०] गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक विमल पोखरेलसँग चैत २८, २०७५ मा गरिएको कुराकानी ।

[२१] २०७५ चैत अन्तिम हप्ता शिक्षक संघ/संगठनका प्रतिनिधिसँग गरिएको कुराकानी । उनीहरूमध्ये धेरैले स्थानीय सरकारलाई शिक्षक व्यवस्थापनको जिम्मेवारी दिइए त्यसले विद्यालयमा झन् राजनीतीकरण निम्त्याउने बताएका थिए ।

## *नजिकिएको स्थानीय सरकार र बढेको निगरानी*

धेरै सामुदायिक विद्यालयहरू (विशेष गरी ग्रामीण क्षेत्रका) संघीय सरकारबाट प्राप्त हुने आर्थिक अनुदानमा आधारित रहेर मात्र सञ्चालन हुन सक्दैनन् । तिनको आफ्नो आन्तरिक आयस्रोत समेत छैन । त्यसैले, कतिपय विद्यालय यसअघि पनि स्थानीय निकाय (साविकका गाविस/नगरपालिका) मा थोर-बहुत आश्रितै थिए । स्थानीय निकायको बजेटबाट सीधा या बांगो हिसाबले पैसा लगानी गरेर ती विद्यालयमा निजी स्रोतमा राखिएका शिक्षक-कर्मचारीको तलब खुवाउने गरिन्थ्यो ।[२२] परिवर्तित परिस्थिति अनुसार पहिले केन्द्रीय सरकार/जिशिका मार्फत वितरण हुने तलव अब नगर/गाउँपालिका कार्यालय मार्फत शिक्षकहरूले पाउँछन् ।

त्यस बाहेक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा २३ ओटा बुँदामा शिक्षा क्षेत्रमा स्थानीय सरकारले गर्नसक्ने कामको फेहरिस्त दिइएको छ (नेपाल सरकार २०७४) । यसअघि मुख्यतः जिशिकाको अधिकार क्षेत्रभित्र पर्ने यी बुँदाले स्थानीय सरकार सञ्चालन ऐनमा ठाउँ पाएका हुन् । यो ऐन बनेपछि एउटा हिस्सा बेखुशी छ, अनि ऐनले प्रत्यायोजन गरेका केही अधिकार पछिबाट काट्ने प्रयत्न भएको छ (मार्टिन चौतारी २०७६क) । तथापि, यति हुँदाहुँदै पनि वास्तविकता के हो भने, स्थानीय सरकारसँग सामुदायिक मात्र होइन निजी विद्यालयहरू समेत नजिकिनै पर्ने अवस्था सिर्जना भएको छ । कतिपय सामुदायिक विद्यालयका व्यवस्थापन समिति (विव्यस) का अध्यक्ष वा सदस्यहरू स्थानीय सरकारमा प्रमुख, उपप्रमुख, मेयर, उपमेयर, वडाध्यक्ष वा वडा सदस्यको रूपमा निर्वाचित भएका पनि छन् । अर्कोतर्फ, नयाँ ऐन (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) ले वडाध्यक्षहरूको विद्यालय व्यवस्थापन समितिमा सहभागिता सुनिश्चित गरेको छ । पहिले जिशिकाले सञ्चालन गर्ने जिल्लास्तरीय परीक्षा (कक्षा ८) को संयोजन/व्यवस्थापन/सञ्चालन स्थानीय सरकारले गरिसकेका छन् । यी सब तथ्यका कारण स्थानीय सरकार र सामुदायिक विद्यालय नजिकिन पुगेका हुन् ।

सामुदायिक विद्यालय र स्थानीय सरकार नजिकिँदा त्यसले विद्यालयमा निर्वाचित जनप्रतिनिधिहरूको निगरानी (ओभरसाइट) बढेको छ । पहिले मुलुकका ७५ जिल्लाका मुकामबाट अनुगमन/नियमन हुँदै आएका विद्यालय अब ७५३ ओटा स्थानीय सरकार र तिनका शिक्षा शाखाले अनुगमन/नियमन गर्छन् । यसले स्वाभाविकै रूपमा सामुदायिक विद्यालयमा निगरानी बढ्ने भयो । स्थानीय सरकारका शिक्षा शाखाका कर्मचारीले मात्र होइन, निर्वाचित उपल्ला पदाधिकारीहरू (मेयर/उपमेयर, प्रमुख/उपप्रमुख) ले पनि विद्यालयमा नियमित/अनियमित अनुगमन गर्ने गरेको पाइयो । खास गरी वडाध्यक्षहरू

[२२] मार्टिन चौतारीले गरेको एक सर्वेक्षणले बाहिरी अनुदान पाउने विद्यालयमध्ये दुई तिहाई (करिब ६६ प्रतिशत) ले विद्यालय सञ्चालनका लागि विद्यालयले स्थानीय निकायबाट अनुदान पाएको बताएका थिए; हेर्नुहोस्, पराजुली, उप्रेती र गुरुङ (२०७६) ।

विद्यालय व्यवस्थापन समितिका पदेन सदस्य हुने भएकाले (नेपाल कानून आयोग २०७४) उनीहरूको विद्यालयमा उपस्थिति बढेको देखियो ।[२३] केही स्थानीय सरकारले त वडाध्यक्षहरूलाई वा वडाध्यक्षले तोकेको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने गरी ऐन-नीति-नियम बनाएका छन् (यसबारे थप तल) ।

नेपालको सार्वजनिक शिक्षाको स्तर खस्कनुको एउटा कारण शिक्षकहरूले पेशागत मर्यादा कायम राख्न नसक्नु (विद्यालयमा अनुपस्थित हुने, समयमा नपुग्ने, पूरा समय कक्षा नलिने आदि) मानिएको छ (वर्ल्ड बैंक सन् २००१; कुशियत सन् २०११; गौतम २०७५क; हिमालयन टाइम्स सन् २०१७) । अन्तर्वार्ता क्रममा धेरै जनप्रतिनिधिले तिनै समस्या औँल्याए । "लोकसेवा पास गरेका शिक्षकले पढाएका सामुदायिकका विद्यार्थी फेल हुने, कमजोर हुने, अनि तीभन्दा कमजोर शिक्षकले पढाएका निजी विद्यालयका विद्यार्थीले राम्रो नम्बर ल्याउने कसरी हुन्छ ?"—कतिपय वडाध्यक्षहरूको प्रश्न थियो ।[२४] अर्थात् सामुदायिक विद्यालयका शिक्षकहरूको ल्याकतमा खासै प्रश्न उठाइएन, तर नियतमाथि उठाइयो । त्यसैले, सामुदायिक विद्यालयका शिक्षकलाई कार्यालय समय (१०–४ बजे) भित्र कक्षा कोठामै राख्नमा धेरै स्थानीय सरकारहरूले ध्यान दिएका छन् । उनीहरूले यसका लागि "छड्के चेकजाँच" गर्नेदेखि विद्युतीय हाजिरीसम्म व्यवस्था गरेका छन् (काफ्ले २०७४) । विद्युतीय हाजिरी नगर/गाउँपालिकाका "मेयरले अनुगमन गर्ने" बताइन्छ (अनलाइन खबर २०७५; कान्तिपुर २०७५ग) । शिक्षक/कर्मचारीको अनुपस्थितिलाई सम्बोधन गर्न केही नगरपालिकाले शिक्षा नियमावलीमा केही प्रावधान समेत राखेका छन् । उदाहरणका लागि फागुन २९, २०७४ मा दमक नगरपालिकाको नगरसभाले स्वीकृत गरेको शिक्षा नियमावलीमा "शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिलाई सिफारिस गर्ने" उल्लेख छ (दमक नगरपालिका २०७४) ।

हिजोका दिनमा जिशिका/केन्द्रबाट खटिने निरीक्षक/स्रोत व्यक्तिहरू कहिलेकाहीँ मात्र विद्यालय पुग्ने गरेकोमा आज दैनिक जसो हाजिरी चेक गर्ने, रेजा लाइदिने, प्रश्न सोध्ने गरेको पाइन्छ । स्थानीय सरकारले बनाएका विभिन्न प्रावधान र अनुगमनले पहिलेको भन्दा शिक्षकको कक्षा कोठामा उपस्थिति बढाएको धेरैको भनाइ पाइयो । यसले

[२३] शिक्षा ऐन २०२८ मा विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको सदस्य हुने प्रावधान छ ।

[२४] शिक्षकहरूले लोकसेवा आयोगले लिने परीक्षा पास गर्ने नभई शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्ने भए पनि धेरैले बोलीचालीमा लोकसेवा नै प्रयुक्त गर्ने पाइयो ।

सामुदायिक विद्यालयको पढाइको गुणस्तरमा सुधार ल्याउने आशा थुप्रै जनप्रतिनिधिको थियो । यद्यपि, शिक्षकहरूलाई उनीहरूको पढाइको तौर-तरिका उपर र विषयवस्तु उपर "फिडब्याक" दिने क्षमता प्राय: जनप्रतिनिधिको नभएको बताइयो । पहिले स्रोत व्यक्ति/निरीक्षकले अनुगमन गर्दा शिक्षकलाई शिक्षण-प्रक्रियामा तथा विषयवस्तुमा सुधारका लागि सुझाव दिन सक्थे, जुन अहिले जनप्रतिनिधिबाट हुन नसक्ने वा नभइरहेको परिप्रेक्ष्यमा शिक्षाको गुणस्तर खस्किरहेको एक शिक्षा अधिकारीको भनाइ थियो ।[२५] सामुदायिक शिक्षाको गुणस्तर बढाउनमा लागिपरेको संस्था टीच फर नेपालका शिशिर खनालले पनि अहिले शिक्षकलाई उनीहरूको शिक्षण-प्रक्रियामा सघाउने कुनै संयन्त्र नभएको र त्यसले गुणस्तरमा प्रभाव पार्न सक्नेतर्फ चिन्ता व्यक्त गरे ।[२६]

अर्कोतर्फ, जनप्रतिनिधिको निगरानीलाई शिक्षकहरूले आफूहरूमाथि गरिएको अविश्वास र अनावश्यक निगरानीका रूपमा लिएका छन् । एक जना शिक्षकले भने, "म नजिकको छिमेकीको मृत्यु भएकाले आफ्नो कक्षा अर्कोलाई जिम्मा लगाएर घाट पुगेको थिएँ । वडाध्यक्षज्यू पनि त्यहीँ पुग्नुभएको थियो । मलाई देखेपछि कक्षा छाडेर आएकाबारे सोधीखोजी गर्नुभयो । अब मर्दापर्दामा जानै पऱ्यो नि । तर, उहाँहरू काम ठगेको जसरी हेर्नुहुन्छ ।"[२७]

माथिको उदाहरण विशिष्ट परिस्थितिको उपज हुन सक्छ, तर आफूलाई स्थानीय निर्वाचित प्रतिनिधिले अनुगमन गर्न खोजेको शिक्षकहरूले फिटिक्कै रुचाएका छैनन् । कुराकानी क्रममा जनप्रतिनिधिप्रति उनीहरूको "कन्टेम्प्ट" बेलाबखत निस्कन्छ । कतिपय शिक्षकहरू जनप्रतिनिधिलाई आफूभन्दा तल्लो कोटिका ठान्छन् । कक्षा कोठामा के पढाइन्छ, कसरी पढाइन्छ भन्नेबारे (सैद्धान्तिक र व्यावहारिक ज्ञान) जनप्रतिनिधिमा नभएकाले शिक्षकहरू जनप्रतिनिधिले आफूलाई अनुगमन गर्नुलाई हैकम चलाएको देख्छन् र आफ्नो अपमान ठान्छन् (थप तल) ।

अझ, स्थानीय तहमा त दलीय राजनीतिक पक्षधरता प्रस्ट हुने हुँदा शिक्षक/जनप्रतिनिधि अर्को दलसँग सम्बन्धित भएको खण्डमा त्यस्तो असन्तुष्टि झन् गहिरो देखिन्छ । एक शिक्षकले भने, "निर्वाचित भएको केही समयपछि एकदिन मेयर हाम्रो स्कूलमा छड्के आउनुभयो । हाजिरी रजिष्टर पनि हेर्नुभयो । तर अर्को स्कूलमा जानुभएन । हामीकहाँ

[२५] शिक्षा अधिकारीसँग असोज ५, २०७६ मा गरिएको कुराकानी ।

[२६] खनालसँग मंसिर ९, २०७६ मा गरिएको कुराकानी ।

[२७] गैंडाकोट नगरपालिकास्थित एक माविका शिक्षकद्वारा असोज २३, २०७६ मा गरिएको कुराकानी क्रममा व्यक्त गुनासो ।

किन आउनुभयो, अर्को स्कूलमा किन जानुभएन, हामी बुझ्छौँ ।"[२८] माथिका उदाहरणले एकातर्फ विद्यालय सुधारका झिना संकेत गर्छन् भने अर्कोतर्फ शिक्षक समुदायमा भित्रभित्रै असन्तुष्टि पन्पिरहेको समेत देखाउँछन् । यही कारण शिक्षकहरू—खास गरी स्थायी शिक्षकहरू—संघ मातहत रहन र त्यसो हुन नसके प्रदेश मातहत भए पनि रहनका लागि जोडबल गरिरहेका छन् ।

## *सरकारी छेकबार बाबजुद शिक्षा ऐन-नियम*

नेपालमा संघीयता नयाँ व्यवस्था हो । पहिलेको एकात्मक राज्यमा केन्द्रीय सरकारको मातहत स्थानीय निकाय थिए । अहिलेको संविधानले तीन थरी सरकारको व्यवस्था गरेको छ, र उनीहरू एकअर्काको मातहत भन्दा पनि सहअस्तित्वमा संविधान-निर्देशित परिधिभित्र रहेर आफैले ऐन-नियम बनाएर सञ्चालन हुन्छन् । सोही बमोजिम कतिपय स्थानीय सरकारले आफूलाई चाहिने ऐन/नियम/कार्यविधि बनाएका छन् । तर, संघीय सरकारले शिक्षा ऐन बनाई नसकेको परिस्थितिमा स्थानीय सरकारले शिक्षा ऐन बनाउन देखाएको अग्रसरतालाई शिक्षकहरू र शिक्षा मन्त्रालयले रुचाएको देखिन्न । शिक्षा मन्त्रालयको अनुरोधमा संघीय मामिला मन्त्रालयले स्थानीय सरकारहरूलाई पठाएको निर्देशन-पत्रमा संघीय सरकार सँगको समन्वयमा मात्र स्थानीय सरकारले ऐन बनाउन हुने उल्लेख छ (मिश्र २०७५) । यद्यपि, नियमावलीको हकमा भने संघीय सरकार स्वयंले २०७४ सालमा नमुना शिक्षा नियमावली बनाएर स्थानीय सरकारहरूलाई पठाएको थियो ।

संघीय सरकारको अरुचि र निर्देशन बाबजुद कम्तीमा ४४ प्रतिशत स्थानीय सरकारले आफ्नै ऐन-नियम बनाएर क्रियान्वयनमा समेत ल्याइसकेका छन् ।[२९] हामीले सातै ओटा प्रदेशका स्थानीय सरकारका वेबसाइटहरू हेरेर त्यहाँ उपलब्ध जानकारीलाई प्रशोधन गर्दा देखिएको शिक्षा सम्बन्धी ऐन-नियम-कार्यविधिको तस्बिर तालिका १ मा दिइएको छ ।

[२८] नवलपुरस्थित एक माविका शिक्षकद्वारा असोज २३, २०७६ मा गरिएको कुराकानी क्रममा व्यक्त विचार ।

[२९] स्थानीय सरकारहरूले ऐन-नियम बनाउँदा के-कस्ता प्रक्रिया अपनाए भन्नेबारे थप अनुसन्धान आवश्यक छ । शिक्षा सम्बन्धी कानून निर्माणबारे डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल लेख्छ, "स्थानीय सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको 'नमुना कानून' लाई आधार मानेर शिक्षा सम्बन्धी कानून बनाएका थिए । केही पालिकाले अन्य जिल्लाका पालिकाले बनाएका कानूनलाई पनि आधार मानेका थिए । सर्सरी हेर्दा नमुना कानूनका प्रावधानमा भएका केही गल्ती वा त्रुटि समेत केही स्थानीय सरकारले जस्ताको तस्तै सारेको देखियो । यद्यपि, नमुना कानूनका कतिपय प्रावधान भने पालिकाहरूले परिवर्तन गरेका थिए" (डीआरसीएन २०७६ : १३) ।

**तालिका १ : शिक्षा ऐन-नियम* बनाउने गाउँ/नगरपालिका**

| प्रदेश | जम्मा स्थानीय सरकार | ऐन-नियम बनाउने | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका | नगरपालिका | जम्मा | प्रतिशत |
| प्रदेश १ | १३७ | ४४ | २२ | ६६ | ४८.१८ |
| प्रदेश २ | १३६ | ९ | १८ | २७ | १९.८५ |
| वाग्मती | ११९ | ४१ | ३२ | ७३ | ६१.३४ |
| गण्डकी | ८५ | २० | १८ | ३८ | ४४.७१ |
| प्रदेश ५ | १०९ | ३४ | २१ | ५५ | ५०.४६ |
| कर्णाली | ७९ | २८ | १६ | ४४ | ५५.७० |
| सुदूरपश्चिम | ८८ | १७ | १५ | ३२ | ३६.३६ |
| **जम्मा** | **७५३** | **१९३** | **१४२** | **३३५** | **४४.४९** |

**स्थानीय सरकारहरूले आफ्ना वेबसाइटमा अपडेट गरेको आधारमा यो तालिका तयार गरिएको हो । यसमा शिक्षा ऐन, नियमावली, कार्यविधि, कार्यादेश, प्रावधान र निर्णय समेत संलग्न छ ।*

सबै प्रदेशमा शिक्षा ऐन-नियम बन्ने-बनाउने क्रम जारी रहेको तालिका १ ले देखाउँछ । यद्यपि, अझै पनि आधाभन्दा बढी स्थानीय सरकारले शिक्षा सम्बन्धी कुनै ऐन-नियम बनाएका छैनन् ।[३०] सबैभन्दा बढी वाग्मती प्रदेश का ६१ प्रतिशत स्थानीय सरकारले शिक्षा ऐन-नियम बनाएको देखिन्छ । त्यस्तै, कर्णाली प्रदेशका करिब ५६ प्रतिशत स्थानीय सरकारले शिक्षा सम्बन्धी ऐन-नियम तर्जुमा गरेको पाइयो । प्रदेश ५, प्रदेश १ र गण्डकी प्रदेश अन्तर्गत पर्ने आधाजति स्थानीय सरकार (क्रमश: करिब ५०, ४८ र ४५ प्रतिशत) ले शिक्षा सम्बन्धी आफ्नै ऐन-नियम बनाएको देखियो । सुदूरपश्चिम प्रदेशका एक तिहाईभन्दा अलि बढी स्थानीय सरकार (३६ प्रतिशत) ले शिक्षा ऐन-नियम बनाएको देखियो । यो मामिलामा प्रदेश २ सबैभन्दा कमजोर देखियो । त्यहाँ जम्मा २० प्रतिशत स्थानीय सरकारले मात्र शिक्षा ऐन-नियम बनाउन चासो देखाएको पाइयो । प्रदेशहरूबीच देखिएको यो भिन्नताको कारण ठ्याक्कै भन्न सकिन्न, तथापि ती प्रदेशमा रहेको सामाजिक असमानता, नेतृत्वमा नीति-नियममाभन्दा तजबिजी र तदर्थवादी अधिकार प्रयोग गर्नमा रुचि केही कारण हुन सक्छन् ।

शिक्षा सम्बन्धी ऐन-नियम बनाउने प्रक्रियाको टाइम-लाइन (समय-क्रम) केलाउँदा करिब ४६ प्रतिशत (बनाएका मध्ये) ले पहिलो वर्ष (अर्थात् २०७४ सालमा) नै ऐन-नियम

[३०] यी जानकारी वेबसाइटहरूबाट मात्र लिइएको हो । सबै स्थानीय सरकारले आफ्ना वेबसाइट नियमित अपडेट गर्छन् भन्ने छैन ।

बनाएको पाइयो । करिब आधाले त्यस पछिको वर्ष (२०७५ साल) मा बनाएको देखियो । यो वर्ष (२०७६ साल) मा भने शिक्षा ऐन-नियम बनाउने काममा निकै शिथिलता आएको देखिन्छ । २०७५ पुसको दोस्रो साता शिक्षा मन्त्रालयको आग्रहमा संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय शिक्षा ऐन नबनेसम्म स्थानीय सरकारलाई स्वतन्त्र ढंगले शिक्षा ऐन नबनाउन निर्देश दिएकाले यो शिथिलता देखिएको हो (मिश्र २०७५) ।

स्थानीय सरकारले बनाएका शिक्षा ऐनहरूलाई सर्सर्ती केलाउँदा धेरैजसोले संघीय सरकारले उपलब्ध गराएको नमुना कानूनलाई आधार मानेको देखियो ।[३१] केही स्थानीय सरकारले भने उक्त नमुना कानूनलाई आफू अनुकूल हुने गरी परिमार्जन गरेका छन् । त्यस्तो परिमार्जन विशेषत: शक्ति-संरचनासँग गाँसिएका दफा : विद्यालय व्यवस्थापन समितिको गठन र विघटन, प्रधानाध्यापक र शिक्षकको नियुक्ति (स्थानीय नियुक्ति) बारे बढी देखिन्छ । स्थानीय सरकारले बनाएका विद्यालय व्यवस्थापन समितिको संरचना र नेतृत्वबारे ती ऐनमा प्रशस्तै भिन्नता (भेरिएशन) देखिन्छ । उदाहरणका लागि बर्दियास्थित ठाकुरबाबा नगरपालिकाले "सम्बन्धित वडा समितिले नगर शिक्षा समितिमा सिफारिस गरी पठाएको निर्वाचित प्रतिनिधि" विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने प्रावधान राखेको छ । कतिपय स्थानीय सरकारले नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यलाई विव्यसको अध्यक्ष बनाउने ऐन बनाएको देखिन्छ (बस्नेत २०७५; काफ्ले २०७५) ।[३२] त्यस्तै, केही स्थानीय सरकारले भने विद्यालय व्यवस्थापन समितिका सदस्य मध्येबाट पालिका शिक्षा समितिको अध्यक्षले विव्यसको अध्यक्ष छान्न सक्ने प्रावधान राखेका छन् (गौतम २०७५ख; थापा २०७४) ।[३३] छथर

[३१] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबपेज www.mofald.gov.np/ne/node/2775 मा यो नमुना कानून उपलब्ध छ ।

[३२] उदाहरणका लागि भक्तपुरको सूर्यविनायक नगरपालिका, बर्दियाको गुलरिया नगरपालिका, धनुषाको पिपरा र सोनामा गाँउपालिका र महोत्तरीको जलेश्वर नगरपालिकाले बनाएको शिक्षा ऐनमा वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति विव्यस अध्यक्ष बन्ने प्रावधान छ । दाङको बंगलाचुली गाउँपालिकाले सामुदायिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष सम्बन्धित वडाका अध्यक्ष हुनेछन् भन्ने नीति जेठ २०७५ मा पारित गर्‍यो । सोही नीति अनुरूप गाउँपालिकाका सबै ४१ सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति भंग गर्न शुरू गरियो । त्यस्तै, कालिकोटको नरहरिनाथ गाउँपालिकाको पहिलो गाउँ परिषद्ले आफ्नो क्षेत्रका सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई हटाएर वडाध्यक्षलाई जिम्मेवारी दियो ।

[३३] उदाहरणका लागि हेर्नुहोस्, झापाको कचनकवल गाउँपालिकाको शिक्षा ऐन । हेर्नुहोस्, http://kachankawalmun.gov.np/act-law-directives; पश्चिम रुकुमस्थित चौरजहारी नगरपालिकाले २०७५ सालको पुसको तेस्रो सातामा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नगरपालिका आफैले तोक्ने गरी निर्णय गर्‍यो । त्यस्तै,२ पुस २०७४ मा सिन्धुपाल्चोकस्थित

जोरपाटी गाउँपालिका धनकुटाले "गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरूका संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने" प्रावधान भएको शिक्षा ऐन बनाएको पाइयो ।

नगर/गाउँपालिकाका मेयर/शिक्षा समितिलाई विव्यस विघटन गर्न सक्ने अधिकार शिक्षा ऐन-नियममा दिइएको देखिन्छ । उदाहरणका लागि इलामको सूर्योदय नगरपालिकाले बनाएको शिक्षा ऐनमा लेखिएको छ, "कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष निकाली वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा नगर शिक्षा समितिले सिफारिस गरेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्नेछ ।"[३४] स्थानीय सरकारले बनाएका शिक्षा ऐन अध्ययन गर्दा विव्यसको गठन र विघटनमा जनप्रतिनिधि हावी हुने निश्चित जस्तै देखिन्छ । अर्थात् स्थानीय सरकारको कठपुतली (चाहेको बेला नियुक्त गर्ने वा फ्याँक्ने) विव्यस हुन सक्ने सम्भावनातर्फ यसले इंगित गर्छ ।

## *प्राथमिकतामा नपरेको शैक्षिक लगानी*

नेपालको सामुदायिक शिक्षा कमजोर हुनुमा अपर्याप्त लगानी अर्को प्रमुख कारण हो ।[३५] पछिल्ला वर्षको बजेट केलाउँदा नेपालको संघीय सरकारले वार्षिक राष्ट्रिय बजेटको १० प्रतिशत जति शिक्षा क्षेत्रलाई छुट्ट्याएको पाइन्छ । २०७४ सालमा सरकारले गठन गरेको उच्चस्तरीय शिक्षा आयोगले सार्वजनिक शिक्षा सुधारका लागि अहिले भइरहेको लगानीलाई दोब्बर तुल्याउन पर्छ भनेको छ (शिविप्रम २०७६) । गत वर्ष मात्र संसदबाट पारित नि:शुल्क तथा आधारभूत शिक्षा ऐन, २०७५ को दफा ३० मा रकम/प्रतिशत नतोके पनि तीनै थरी सरकार (संघीय, प्रादेशिक र स्थानीय) ले विद्यालय शिक्षामा लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

---

सुनकोशी गाउँपालिकाको बैठकले आफ्नो इलाका भित्रका सम्पूर्ण आधारभूत तथा माध्यमिक विद्यालयका व्यवस्थापन समिति भंग गरी वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य विव्यसको अध्यक्ष हुने निर्णय गरेका थिए ।

[३४] सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६, www.suryodayamun.gov.np/en/laws?field_law_level_tid=268 मा उपलब्ध; मंसिर १२, २०७६ मा हेरिएको ।

[३५] शिक्षालाई अनिवार्य र नि:शुल्क घोषणा गर्ने, सामुदायिक विद्यालयहरूलाई विद्यार्थीबाट शिक्षण शुल्क उठाउनबाट बन्देज गर्ने तर विद्यालय सञ्चालनका लागि पर्याप्त स्रोत उपलब्ध नगराउने विसंगतिपूर्ण अवस्था नेपालको शिक्षा क्षेत्रमा व्याप्त छ; हेर्नुहोस्, पराजुली, उप्रेती र गुरुङ (२०७६) ।

सो ऐनको दफा ३० मा भनिएको छ: "नेपाल सरकारले प्रत्येक वर्ष...प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी संख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नु पर्नेछ।" त्यसै गरी प्रदेश सरकारले "प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको लागि प्रदेश कानून बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नु पर्ने" उल्लेख छ । स्थानीय तहले पनि "आफ्नो वार्षिक बजेटमा आधारभूत तह तथा माध्यमिक तहको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्ने" ऐनमा उल्लेख छ (नेपाल कानून आयोग २०७५) ।

संविधान तथा कानूनले स्थानीय सरकारहरूलाई विद्यालय शिक्षामा लगानी गर्नका लागि कुनै बाध्यात्मक (न्यूनतम) सीमा नतोकेकाले उनीहरूले शिक्षामा लगानी बढाउनेतर्फ खासै ध्यान दिएको देखिन्न । यद्यपि, अन्तर्वार्ता गरिएका धेरै जनप्रतिनिधिले आफ्नो पालिकाको प्राथमिकतामा शिक्षा रहेको बताउन चुकेनन् । संघीय सरकारले पहिलेदेखि बेहोरिरहेको शिक्षकको तलब र अन्य शीर्षकको रकम अहिले ससर्त अनुदानको रूपमा स्थानीय सरकारको खाता मार्फत विद्यालयमा पुग्छ । यसरी आएको रकमलाई बाहेक गरेर हेर्ने हो भने धेरै स्थानीय सरकारले आफ्नो वार्षिक बजेटको सानो हिस्सा (१–२ प्रतिशतभन्दा कम) मात्र शिक्षा क्षेत्रमा खर्च गरेको देखिन्छ । सम्भवत: औँलामा गन्न सकिने स्थानीय सरकारहरूले मात्रै आफ्नो वार्षिक बजेटको १० वा सो भन्दा बढी प्रतिशत शिक्षा क्षेत्रमा लगानी गरेका छन् ।

हामीले मुलुकका विभिन्न गाउँ/नगरपालिकाका स्थानीय जनप्रतिनिधि (वडाध्यक्ष, मेयर, आदि) तथा तिनका शिक्षा हेर्ने पदाधिकारीसँग उनीहरूले प्रतिनिधित्व गर्ने निकायले सामुदायिक शिक्षामा गरेका लगानी सम्बन्धमा प्रश्न गरेका थियौँ । अधिकतम स्थानीय सरकारको प्रमुख प्राथमिकता बाटा-घाटा पुल-पुलेसा जस्ता भौतिक निर्माणतर्फ पाइयो । "आवधिक निर्वाचन फेस गर्नुपर्ने हुनाले जनप्रतिनिधिहरूलाई देखिने काममा रुचि हुन्छ," एक वडाध्यक्षले भने ।[३६] अधिकांश प्रधानाध्यापक (प्रअ) को भनाइमा शिक्षामा लगानी गर्दा त्यसको प्रतिफल तत्काल नदेखिने हुनाले, र पब्लिकले पनि शिक्षामा भन्दा आफ्नो क्षेत्रमा बाटो, ढल, पानीको माग गर्ने हुनाले जनप्रतिनिधि त्यतै लगानी गर्छन् । साथै, शिक्षामा कमिशन नआउने र बाटो-घाटो बनाउँदा कमिशन आउने भएकाले शिक्षामा लगानी नभएको पनि उनीहरूले बताए ।[३७]

[३६] धनुषास्थित जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष सुदर्शन सिंहसँग कात्तिक २८, २०७६ मा गरिएको कुराकानी ।

[३७] सुर्खेत, बर्दिया, नवलपुर, चितवन, काभ्रेपलाञ्चोक, धनुषा, सप्तरी, मोरङका विभिन्न विद्यालयका प्रअसँग असोज–मंसिर २०७६ मा गरिएको कुराकानीमा आधारित ।

कतिपय स्थानीय सरकारको वार्षिक बजेट वेबसाइटबाट निकालेर सर्सर्ती केलाउँदा उनीहरूले विद्यालय शिक्षाका नाउँमा विभिन्न शीर्षकमा थोर-थोरै रकम लगानी गरेको देखियो ।[३८] धेरै स्थानीय जनप्रतिनिधिले खास गरी ईसीडी (अर्ली चाइल्ड डेभलपमेन्ट) कक्षाको स्तरवृद्धिमा लगानी गरेको बताए । ईसीडी शिक्षकको तलब ज्यादै न्यून भएकाले उनीहरूलाई पोशाकभत्ता या तलब या अन्य नाउँमा केही रकम सहयोग गरेको पाइयो । त्यस्तै, ईसीडी कक्षामा सुविधा वृद्धि गर्न, दिवा खाजा उपलब्ध गराउन उनीहरूले सहयोग गरेको देखियो । यस्तो सहयोग पालिका स्तरमा या वडाको बजेटबाट समेत गरेको पाइयो ।

कतिपय स्थानीय पालिकाले निगरानी बढाउने नाउँमा विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरेका छन्, जसलाई शिक्षामा गरेको लगानीको रूपमा जनप्रतिनिधिहरू पेश गर्छन् । त्यस्तै, धेरै स्थानीय सरकारले विद्यालयको भौतिक सुधारमा, जस्तै कक्षाकोठा थप्न, शौचालय बनाउन, पुस्तकालय निर्माण गर्न, पिउने-पानीको व्यवस्था गर्न, खेल मैदान बनाउन, तारबार लगाउन, रंगरोगन गर्न सहयोग गरेका छन् । नमुना विद्यालय बनाउने वा पालिका भरिका विद्यालयका विद्यार्थीको पोशाक एउटै गर्ने, अथवा विद्यालय जानका लागि बसको व्यवस्था गरिदिने, विद्यालयहरूको रंग एउटै गर्ने जस्ता काममा पनि स्थानीय सरकारले रकम खर्चेका छन् ।[३९] उनीहरूले उत्कृष्ट विद्यार्थी, शिक्षक वा विद्यालयलाई समेत पुरष्कृत गरेका छन् । त्यस्तै, पर्याप्त शिक्षक उपलब्ध नभएर विद्यालय सञ्चालन गर्न कठिन भएका विद्यालयमा शिक्षक उपलब्ध गराएर, र प्रअहरूलाई अतिरिक्त भत्ता दिएर वा कतिपय शिक्षकलाई तालिमको समेत व्यवस्था गरेर स्थानीय सरकारले शिक्षा क्षेत्रमा आफ्नो उपस्थिति जनाएका छन् ।

यसरी स्थानीय सरकार बनेपछि धेरै सामुदायिक विद्यालयमा केही न केही सहयोग थपिएको छ—चाहे त्यो वडा कार्यालय/वडाध्यक्षबाट होस् चाहे गाउँ/नगर पालिकाबाट । यद्यपि, कुनै निश्चित योजना, मापदण्ड बनाएर रकम छुट्ट्याउने भन्दा छिरल्ने प्रवृत्ति धेरै देखिन्छ । कतिपय स्थानीय सरकारहरू सार्वजनिक शिक्षाप्रति निकै सचेत देखिन्छन् । टीच फर नेपालका शिशिर खनाल भन्छन्, “हामीलाई थुप्रै जनप्रतिनिधिहरूले सम्पर्क गर्नुभएको छ, शिक्षा सुधारबारे चासो व्यक्त गर्नुहुन्छ र आफ्नो क्षेत्रमा सहयोग गरिदिन भन्नुहुन्छ । यो जागरुकतालाई सकारात्मक मान्नुपर्छ ।” उदाहरणका लागि बर्दियाका बारबर्दिया र बाँसगढी,

[३८] हामीले विभिन्न स्थानीय सरकारका बजेटहरू तिनको वेबसाइटबाट डाउनलोड गरेर के-के शीर्षकमा के-कति खर्च गर्दा रहेछन् भनेर सर्सर्ती केलाएका थियौँ ।

[३९] संविधानले आफूलाई विद्यालय शिक्षातर्फ कुनै भूमिका प्रदान नगरेको ठान्ने प्रदेश सरकारहरूले पनि यस्तै कार्यमा थोर-बहुत रकम लगानी गरेको पाइयो । त्यस्तै, संसदीय क्षेत्र विकाष कोषबाट कतिपय सांसदले आफ्नो क्षेत्रका विद्यालयलाई खास गरी भौतिक निर्माणमा सहयोग गरेको देखिन्छ ।

नवलपुरको हुप्सेकोट, काभ्रेको पनौती जस्ता पालिकाहरूले शिक्षालाई प्राथमिकतामा पारेका छन् । तर प्राथमिकता दिँदादिँदै पनि धेरै स्थानीय सरकारले सोही अनुरूपको लगानी उपलब्ध गराउन सकेका छैनन् । टीच फर नेपालका शिशिर खनालले भने, "तुलसीपुर उपमहानगरपालिकाका मेयर घनश्याम पाण्डे सार्वजनिक शिक्षाप्रति जागरुक हुनुहुन्छ । हामी उहाँहरूसँग काम पनि गर्दैछौँ । तर नगरपालिकाले शिक्षामा छुट्ट्याएको बजेट मैले केलाउँदा करिब २.५ प्रतिशत मात्रै देखियो । मेयर आफै छक्क पर्नुभयो । अर्को वर्ष त्यसलाई कम्तिमा दोब्बर गर्छु भन्नुभएको छ ।"[४०]

## *शिक्षक व्यवस्थापनका चुनौती*

स्थानीय सरकार मातहत विद्यालय शिक्षा पुगे पनि शिक्षकको व्यवस्थापन पालिकाहरूका लागि सबैभन्दा ठूलो चुनौती भएको/हुने देखिन्छ । संघीय सरकारले वर्षौं गिजोलेको शिक्षक-व्यवस्थापन नयाँ संरचनामा जाँदैमा ठोस, तात्त्विक परिवर्तन गर्न कठिन छ । त्यसमाथि शिक्षकहरूले पहिलेदेखि नै संघीय व्यवस्थापनमा रहन चाहेका र स्थानीय सरकार मातहत आउन ठ्याम्मै अरुचि देखाएका छन् । कुराकानी क्रममा कतिपय शिक्षकले विदेशमा नगर परिषद् (टाउन काउन्सिल) मातहत विद्यालय शिक्षा राम्ररी चलिरहेको र हामी कहाँ पनि त्यसो हुनु सैद्धान्तिक हिसाबले राम्रो हो भन्छन् । तथापि, "तर," भन्दै उनीहरू आफूलाई संघ या प्रदेश मातहत रहन उपयुक्त हुने बताउन चुक्दैनन् ।

अर्कोतर्फ, जनप्रतिनिधिहरू शिक्षकहरूको खुबीमा भन्दा नियतमाथि प्रश्न उठाउँछन् । त्यसैले आफूले भनेको मान्ने र आफूले कज्याउन सक्ने शिक्षक धेरै जनप्रतिनिधिले चाहेको देखिन्छ । त्यसका लागि उनीहरूले शिक्षकको नियुक्ति, सरुवा र आवश्यक परेमा निष्कासनै गर्न सक्ने अधिकार खोजेका छन् । पढ्ने-पढाउने विषयलाई लिएर मात्र नभएर दलीय आस्थाका कारणले पनि शिक्षक/प्रअ/विव्यस अध्यक्ष र जनप्रतिनिधिबीच कतिपय ठाउँमा मनोमालिन्यको अवस्था छ । यसका पछाडि चुनावी प्रक्रियामा शिक्षकहरूको सहभागिता महत्त्वपूर्ण देखिन्छ । निर्वाचनमा जित-हारका लागि शिक्षकको भूमिका भएकैले पनि कतिपय ठाउँमा जनप्रतिनिधिहरू आफूलाई अ/सहयोग गर्नेलाई सोही अनुरूप पुरस्कार/दण्ड दिनका लागि शिक्षकलाई सरुवा, बढुवा गर्न चाहेको, खोजेको देखिन्छ । एकादुई ठाउँमा भने जनप्रतिनिधि-जनप्रतिनिधिबीच वा जनप्रतिनिधि र प्रशासक बीचको मनोमालिन्यको असर विद्यालय शिक्षामा परेको छ । उदाहरणका लागि मोरङको उर्लाबारीमा जनप्रतिनिधिहरूको दलीय झगडाका कारण चाडपर्वको मुखमा तलब नपाएपछि शिक्षकहरू अदालत पुगेका थिए ।[४१]

[४०] शिशिर खनालसँग मंसिर ९, २०७६ मा गरिएको कुराकानी ।

[४१] राधिका मावि उर्लाबारीका प्रअ कुमार पोख्रेलसँग मंसिर १, २०७६ मा गरिएको कुराकानी । पोख्रेल लगायतले उच्च अदालत विराटनगरमा शिक्षकको तलब नरोकियोस् भनेर मुद्दा हालेका थिए ।

स्थानीय सरकारले शिक्षकहरूको नियुक्ति र अझ सरुवा गरेको वा गर्न सक्ने कुरा नै शिक्षक र तिनका संघ/संगठनहरूलाई सबैभन्दा नपचेको/नपच्ने कुरा हो । शिक्षक संघ/संगठनसँग आबद्ध खास गरी नेतृत्व पंक्तिमा रहेकाहरू सँगको कुराकानीमा यो कुरा प्रस्टै झल्कन्छ । जनप्रतिनिधिहरूलाई आफूभन्दा दोयम दर्जाको (इन्फेरियर) ठान्ने, "आफूले जिताएकाहरूले अहिले फूर्ति देखाएको" ठान्ने शिक्षकहरू छन् । आफूहरूले पनि "देखाइदिने" उनीहरू बताउँछन् । नेपाल शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले आफूहरूसँग आबद्ध पाँच लाख शिक्षकले आवश्यक परे संविधान संशोधन गर्न बाध्य बनाउन सक्ने बताएका थिए ।[४२]

यसरी थुप्रै स्थानमा जनप्रतिनिधि र शिक्षकहरूबीच द्वन्द्व देखिन्छ, जुन कहीँ सुशुप्त छ भने कहीँ छताछुल्ल छ । कतिपय ठाउँमा स्थानीय सरकारहरूले गरेका शिक्षक सरुवाका निर्णय विरुद्ध शिक्षकहरू अदालत पुगेका छन् । डेमोक्रेसी रिसोर्स सेन्टर नेपालले स्थानीय सरकारले विद्यालय शिक्षा सम्बन्धी लिएका निर्णय विरुद्ध सर्वोच्च अदालतमा परेका १८ ओटा मुद्दाबारे अध्ययन गरेको थियो । तीमध्ये ६ ओटा शिक्षा नियामावली, शिक्षा ऐन २०२८ र संविधानसँग बाझियो भनेर, ६ ओटा मुद्दा स्थानीय सरकारले गरेका शिक्षक सरुवासँग सम्बन्धित, ३ ओटा मुद्दा विद्यालय व्यवस्थापन समितिसँग सम्बन्धित र ३ ओटा स्थानीय सरकारले बनाएका शिक्षा ऐन, नियम र कार्यविधि र विद्यालय सञ्चालन र अनुमतिसँग सम्बन्धित थिए (डीआरसीएन २०७६) ।[४३]

[४२] एडुखबर डट कम र मार्टिन चौतारीले वैशाख ४, २०७६ मा काठमाडौँमा आयोजना गरेको "संघीयतामा विद्यालय शिक्षा : सरोकारवालाबीच अन्तर्क्रिया" कार्यक्रममा सुवेदीले प्रस्तुत गरेको विचार ।

[४३] शिक्षा सम्बन्धी स्थानीय सरकारले गरेका विभिन्न निर्णय र तिनलाई दिइएको कानूनी चुनौतीबारे पत्रपत्रिकामा प्रशस्तै समाचार प्रकाशित भएका छन् । उदाहरणका लागि सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्षले वैशाख २६, २०७५ मा स्थानीय सामुदायिक विद्यालयमा कार्यरत आठ शिक्षक सरुवा गरिदिए । सो निर्णय विरुद्ध सरुवामा परेका हरिप्रसाद सुवेदी सहित पाँच शिक्षकले सर्वोच्च अदालतमा मुद्दा दायर गरे । सर्वोच्च अदालतका न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले सरुवा कार्यान्वयन नगरी निवेदकहरूलाई पूर्ववत् विद्यालयमा सेवा गर्न दिन गाउँपालिकाको नाममा अन्तरिम आदेश दियो (दंगाल २०७५) । विराटनगर महानगरपालिकाले आफू मातहतका केही शिक्षकलाई अन्य विद्यालयमा "कामकाज गर्न खटाएको" मा शिक्षकले अदालतमा मुद्दा दायर गरेपछि अदालतले अन्तरिम आदेश जारी गर्दै सो सरुवामा रोक लगाएको थियो । यसै गरी, दाङ जिल्लास्थित बंगलाचुली गाउँपालिकाले सामुदायिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष सम्बन्धित वडाका अध्यक्ष हुनेछन् भन्ने नीति जेठ २०७५ मा पारित गऱ्यो । सोही नीति अनुरूप गाउँपालिकाका सबै ४१ सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति भंग गर्न शुरू गरियो । श्रीवारी माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिवे दमाई र स्थानीय

अदालती आदेशबाट सरुवा मुल्तवी रहेका गाउँ/नगरपालिका उल्लेख्य छन् । खास गरी सरुवा क्रममा ऐन नबनाई त्यस्ता निर्णय गरिएकाले त्यसैमा टेकेर अदालतले तिनको कार्यान्वयनमा रोक लगाएको हो । अदालतको हस्तक्षेपपछि स्थानीय शिक्षा ऐन निर्माण गरेर पालिकाहरू अघि बढ्न थालेको देखिन्छ ।[४४] यद्यपि, शिक्षकहरूको सरुवा, नियुक्ति सहज भने छैन । विराटनगर महानगरको वडा नं. २ स्थित जनता माविमा अहिले विद्यार्थीको संख्या १०० भन्दा कम छ । सो विद्यालयको स्थिति कमजोर भएकाले त्यसलाई उकास्न एवं व्यवस्थापनमा परिवर्तन (शिक्षक र प्रअको सरुवा, नयाँ विव्यसको गठन) प्रयत्न गरेको र नसकेर हायलकायल परेर "हात उठाएको" एक जनप्रतिनिधिले बताएका थिए ।[४५]

माथिका उदाहरणले खास गरी शिक्षक सरुवामा देखिएका कठिनाइ र जटिलता उजागर गर्छन् । यद्यपि, कहीँ चाहिँ ती जटिलता चिरेर स्थानीय पालिकाहरूले शिक्षक सरुवा गर्न सकेको देखिन्छ । बारबर्दिया नगरपालिका त्यसको एउटा उदाहरण हो । सो नगरपालिकामा पनि प्रारम्भमा शिक्षकले बाधा-विरोध गरेका थिए । शिक्षक सरुवाको औचित्य पुष्टि गर्न सकेको, र छलफलपछि सो समस्या टरेको नगर शिक्षा अधिकारीले बताए ।[४६]

शिक्षक सरुवाका अतिरिक्त थुप्रै स्थानीय सरकारले नयाँ शिक्षक पनि नियुक्त गरेका छन् । तुलनात्मक रूपमा शिक्षक सरुवाभन्दा नयाँ नियुक्तिमा अलि कम अबरोध भएको देखिन्छ । तर, शिक्षक नियुक्ति सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) ले असोज १५, २०७६ मा दिएको "निर्देशन" तथा संघीय मामिला तथा सामान्य प्रशासनले तदनुरूप असोज २९, २०७६ मा जारी गरेको परिपत्रले अर्को जटिलता

---

भेषराज खत्रीले नयाँ व्यवस्था लागू नगर्न अन्तरिम आदेश माग गर्दै उच्च अदालत तुलसीपुरमा रिट दिए । असार ३, २०५७ मा उच्च अदालतले तत्काल निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीका नाममा अन्तरिम आदेश जारी गर्‍यो (बस्नेत २०७५) । त्यस्तै, कालिकोटको नरहरिनाथ गाउँपालिकाको पहिलो गाउँ परिषद्ले आफ्नो तह अन्तर्गत पर्ने सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई हटाएर वडाध्यक्षलाई जिम्मेवारी दियो । शिक्षक सरुवा र प्रधानाध्यापक परिवर्तन गर्‍यो । यस निर्णय विरुद्ध शिक्षक अदालत पुगे । उच्च अदालत सुर्खेत अन्तर्गत जुम्ला इजलासले उक्त निर्णयलाई रोकिदिएको थियो (काफ्ले २०७५) ।

[४४] पहिले शिक्षक सरुवाको निर्णय गरिसकेको विराटनगर महानगरपालिकाले बल्ल यो वर्ष (असार २०७६ मा) शिक्षा ऐन निर्माण गरेको छ ।

[४५] जनप्रतिनिधिसँग मंसिर १०, २०७६ मा गरिएको कुराकानी । यो विद्यालयमा अभिभावक तर्फबाट चार जनाको निर्वाचन भैसकेको छ, तर बाँकीको निर्वाचन गर्न प्रअले विभिन्न अड्को थापेर बाधा गरिरहेको जनप्रतिनिधि, शिक्षकको भनाइ छ । स्वयं प्रअ सँगको कुराकानीबाट पनि उनले रोकिदिएको बुझिन्थ्यो ।

[४६] बारबर्दिया नगरपालिकाका पूर्व नगर शिक्षा अधिकृत टीकानाथ गोसाईसँग असोज १०,२०७६ मा गरिएको कुराकानी ।

थपिदिएको छ ।[४७] नयाँ संविधान अनुरूप स्थानीय सरकारले शिक्षा ऐन, नियमावली बनाएर कार्यान्वयनमा ल्याउनबाट त्यस्तो निर्देशन/परिवर्तनले सैद्धान्तिक रूपमा रोक्न नसके पनि व्यवहारमा यसले असर पारिसकेको देखिन्छ । उदाहरणका लागि तुलसीपुर नगरपालिकाले शिक्षाको गुणस्तरलाई ध्यान दिँदै दुई स्रोत व्यक्तिलाई करारमा नियुक्त गरेको थियो, तर अदुअआले आफ्नो अख्तियारी बाहिर गएर दिएको "निर्देशन" पछि नगरपालिकाले ती दुवैलाई निकालिदियो ।

नेपालका सामुदायिक विद्यालयको एउटा मुख्य समस्या भनेको तिनमा पर्याप्त जनशक्ति नहुनु हो (शिविप्रम २०७६) । स्थानीय सरकारले आफ्नो इलाका भित्रका त्यस्ता विद्यालयमा अपुग शिक्षक कर्मचारीको पूर्ति गर्न चाहेका छन् । यसरी गरिने नयाँ नियुक्ति र सरुवामा जुन व्यक्ति वा दलको बाहुल्य छ सोही व्यक्ति वा दल नजिकका व्यक्तिले ती रिक्त पदमा नियुक्ति पाउने सम्भावना रहन्छ । यस अघिका उदाहरणबाट पनि प्रस्ट भैसकेको छ कि जब राम्राभन्दा पनि आफ्नाले नियुक्तिमा प्रश्रय पाउँछन् त्यहाँ गुणस्तर खस्कन्छ ।

कतिपय स्थानीय सरकारले आफ्नो क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको लगत लिई शिक्षक (खास गरी अंग्रेजी, गणित र विज्ञान) नपुगेका विद्यालयमा सोको व्यवस्था गरिदिएको देखिन्छ । यस्तो नियुक्तिमा कानूनी र अन्य झञ्झट नआओस् भनेर केही (उदाहरण बर्दियाको बारबर्दिया नगरपालिका र काभ्रेको पनौती नगरपालिका) ले शिक्षा नियमावली २०५९ कै प्रबन्ध अनुसार विद्यालय व्यवस्थापन समितिलाई नै निर्णय-प्रक्रियामा अघि सारेको देखिन्छ । यद्यपि, "विज्ञ" नियुक्ति इत्यादिमा उनीहरूले आफ्नो नियन्त्रण पनि राखेको पाइयो । केही नगरपालिका (मोरङको उर्लाबारी, विराटनगर, आदि) ले शिक्षा नियमावली परिवर्तन गरेर शिक्षक नियुक्तिको अधिकार आफूमा सन्निहित गरेका छन् । नगरपालिकाको त्यस्तो निर्णयबाट खास गरी विव्यस अध्यक्ष र प्रअ समेत बेखुशी देखिन्छन् ।[४८] विव्यस अध्यक्षहरू नयाँ परिप्रेक्ष्यमा आफ्नो भूमिका के हो भन्नेबारे प्रस्ट हुनुपर्ने बताउँछन् ।

[४७] पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिकामा राहत शिक्षक र बालविकास केन्द्रका सहयोगी नियुक्त गर्दा अनियमितता भएको उजुरी अख्तियारमा परेको थियो । गाउँपालिकाका शिक्षा शाखाका अधिकृत रामेश्वरप्रसाद चौरसियाले शिक्षा ऐन विपरीत नियुक्ति दिएकाले जेजति खर्च भएको हो सो खर्च समेत असूलउपर भएको अवस्थामा भ्रष्टाचारको कसूर प्रमाणित नभए पनि "कानूनले दिएभन्दा बढी अधिकार" को प्रयोग भएको भन्दै यस्तो कार्य निरुत्साहित गर्न शिक्षा र संघीय मामिला मन्त्रालयलाई अख्तियारले सुझाव लेखी पठाएको हो ।

[४८] बर्दियाको डल्लाको विद्यालय तथा राधिका मावि, उर्लाबारीका विव्यस अध्यक्षसँग क्रमशः कात्तिक १० र मंसिर १, २०७६ मा गरिएको कुराकानी ।

केही स्थानीय सरकार (उदाहरण बर्दियाको बारबर्दिया नगरपालिका र बाँसगढी नगरपालिका तथा बाँकेको खजुरा) ले गाउँ/नगर शिक्षा समितिलाई परिचालन गर्दै विव्यस मार्फत नयाँ शिक्षक नियुक्ति गरेका छन् । "हाम्राभन्दा राम्रा" परून् भनेर विभिन्न उपाय अपनाएको उनीहरूको दाबी छ । खजुरा गाउँपालिका र बारबर्दिया नगरपालिकाका शिक्षा समितिले शिक्षक नियुक्तिलाई निष्पक्ष होस् भनेर पहिले विशेषज्ञ सूची तयार गर्ने, छानिएका विशेषज्ञले तीन सेट प्रश्नपत्र तयार गर्ने, ती प्रश्नपत्रलाई कोडिङ-डिकोडिङ गरेर प्रश्नपत्र छानेको बताइयो । उत्तर पुस्तिका परीक्षणमा पनि कोडिङ-डिकोडिङ गर्ने र अन्तर्वार्ताका विज्ञ छान्दा पनि गोलाप्रथा गरेर छानिएको बताइन्छ । यी प्रक्रियाले शिक्षक नियुक्तिमा हुनसक्ने दलीय र व्यक्तिगत प्रभावलाई न्यून गरेको र आम-स्वीकृति पाएको उनीहरूको दाबी छ (ढकाल २०७५) ।[४९]

आफूले लागत बेहोर्ने गरी कतिपय स्थानीय सरकारले धेरैजसो सामुदायिक विद्यालयमा नियुक्त गरेका शिक्षक "स्थायी" प्रकृतिका होइनन् । अहिले नै नेपालमा थुप्रै प्रकारका (स्थायी, अस्थायी, राहत, पीसीएफ, निजी स्रोत, आदि) शिक्षक भएकामा यसले अर्को एक थरी शिक्षक थप्नेछ र शिक्षक-सेवा व्यवस्थापनमा थप जटिलता ल्याउनेछ । यस बाहेक, यी शिक्षकमध्ये धेरैलाई स्वयंसेवी वा नगर शिक्षक वा यस्तै नाउँमा प्रचलित सेवा-सुविधाभन्दा कम पारिश्रमिक उपलब्ध गराइएको छ । प्रारम्भिक दिनमा नयाँ जागिर पाउँदा ती स्वयंसेवी शिक्षक खुसी भए पनि सो एक त न्यायसंगत हुँदैन । दोस्रो, एकै ठाउँमा एकै खाले काम गर्ने आफू सरहका शिक्षकले आफ्नोभन्दा धेरै तलब-सुविधा पाउँदा त्यसले शैक्षिक वातावरणमा र ती स्वयंसेवी शिक्षकको मनोदशामा र कार्यक्षमतामा समेत असर पार्न सक्ने देखिन्छ ।

## *विद्यालय "मर्जर" : सामाजिक न्याय र अर्थ-राजनीतिक कारणले जटिल*

नेपालमा सामुदायिक विद्यालयहरूको स्थापना मूलत: स्थानीय समुदाय स्वयंले गरेको देखिन्छ । सामाजिक र राजनीतिक अभिष्टका लागि पनि यस्ता विद्यालय स्थापना भएका छन् । त्यसैले कति ठाउँमा नजिक-नजिकै दुई वा बढी विद्यालय समेत खुलेका पाइन्छन् । यसरी सामुदायिक रूपमा खोलिएका विद्यालयको स्वामित्व कालान्तरमा राज्यको हुन गयो (मार्टिन चौतारी २०७६ख) । तर, पछिल्लो समय, खास गरी निजी विद्यालयहरूको आगमनपछि, शहरी क्षेत्रमा मात्र हैन शहरोन्मुख ग्रामीण क्षेत्रमा समेत कतिपय सामुदायिक विद्यालयमा (मुख्यत: प्रावि वा आधारभूत तहका) पढ्ने विद्यार्थीको संख्या कम हुँदै गएको

[४९] बारबर्दिया नगरपालिकाका पूर्व नगर शिक्षा अधिकृत टीकानाथ गोसाई र वर्तमान नगर शिक्षा प्रमुख टेकप्रसाद पाण्डेसँग असोज १०,२०७६ मा गरिएको कुराकानी ।

छ (सुब्बा २०७५ख)। त्यसैले, २०७० सालमा यस्ता "समस्याग्रस्त" विद्यालयलाई गाभ्न प्रोत्साहन गर्दै त्यसको लागि आवश्यक नीति-निर्देशिका सरकारले बनायो।[५०]

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई "सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन" देखि लिएर "गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन" गर्ने अधिकार समेत दिएको छ।[५१] यही अधिकार प्रयोग गरी स्थानीय सरकारहरूले सामुदायिक विद्यालयहरू गाभ्ने वा बन्द गर्ने निर्णय गरिरहेका छन्।[५२] पत्रपत्रिका/अनलाइनमा आएका समाचारलाई मान्ने हो भने धेरै जिल्लामा ५–१० सामुदायिक विद्यालय गाभिइसकेको अनुमान गर्न सकिन्छ (मल्ल २०७५क, २०७६)।[५३]

सामुदायिक विद्यालय गाभ्ने वा खारेज गर्ने कुरा राजनीतिक रूपमा पेचिलो र सामाजिक न्यायका हिसाबले जटिल छ। अनि यसमा आर्थिक चलखेलको कुरा पनि गाँसिएर आउँछ। शहरी क्षेत्रका सामुदायिक विद्यालय गाभिँदा वा खारेज गरिँदा ती विद्यालय पढ्ने विद्यार्थीलाई उस्तो समस्या नपर्न सक्छ—नजिक-नजिकै अन्य वैकल्पिक विद्यालय उपलब्ध हुनाले। तर ग्रामीण क्षेत्रका हकमा त्यसो भन्न सकिँदैन। रुपन्देहीका सैनामैना र तिलोत्तमा नगरपालिकाले आफ्नो इलाका अन्तर्गतका विभिन्न विद्यालय गाभ्दा तथा कक्षा-तह घटाउँदा विद्यार्थीहरू अर्को स्कूल टाढा भएकाले पढ्न छाडेको समाचार आएको छ (मल्ल २०७५क, २०७६)। त्यस्तै, कर्णाली प्रदेशका विभिन्न गाउँपालिकाहरूले प्राथमिक विद्यालयहरू खारेज गर्दा साना विद्यार्थी आउन-जान नसकेरै पढ्नबाट वञ्चित भएको बताइन्छ (बुढा २०७५)। यी उदाहरणले विद्यालय गाभ्दा या खारेज गर्दा विवेक नपुऱ्याउने हो भने त्यसले विपन्न परिवारका विद्यार्थीलाई शिक्षा हासिल गर्नबाट वञ्चित

[५०] हेर्नुहोस्, शिक्षा मन्त्रालयले तयार गरेको र असोज २३, २०७० मा मन्त्रिपरिषद्बाट स्वीकृत विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७०। यो नीति कार्यान्वयन भएको दुई वर्ष नपुग्दै करिब ५०० सामुदायिक विद्यालय गाभिएका थिए। हेर्नुहोस्, www.edukhabar.com/news/87; मंसिर १०, २०७६ मा हेरिएको।

[५१] यो ऐन http://mofald.gov.np/ne/node/2738 मा उपलब्ध छ; मंसिर १०, २०७६ मा हेरिएको।

[५२] स्थानीय सरकारहरूले विद्यालय गाभ्ने काममात्र गरिरहेको होइन कि स्थापना (प्राथमिक विद्यालय) पनि गरिरहेका छन्। एक समाचारमा जनाइए अनुसार स्थानीय सरकारहरूले मुलुकभरमा करिब ३०० नयाँ प्राथमिक विद्यालय स्थापना गरेका छन्। हेर्नुहोस्, www.onlinekhabar.com/2019/05/764346; मंसिर २५, २०७६ मा हेरिएको।

[५३] अन्यत्र सामुदायिक विद्यालयलाई अर्को सामुदायिकमा गाभिए पनि पाल्पा र गुल्मीका दुई गाउँपालिकाले भने निजी विद्यालयलाई सामुदायिकमा गाभ्ने निर्णय गरेका छन्।

गर्न सक्ने देखाउँछ, जुन संवैधानिक/कानूनी प्रावधान विपरीत त छ नै, सामाजिक न्यायका हिसाबले पनि अवाञ्छनीय छ ।[५४]

अहिले निर्वाचित कतिपय जनप्रतिनिधि निजी विद्यालयका लगानीकर्ता समेत छन् । त्यसैले उनीहरूको स्वार्थ बाझिने भएकाले सार्वजनिक शिक्षालाई सुधार्नेतर्फ उनीहरूको प्रतिबद्धता के-कस्तो रहन्छ, त्यो यसै भन्न सकिँदैन । *शिक्षक* मासिकमा छापिएको एक रिपोर्ट अनुसार रुपन्देही जिल्लाका गैडहवा गाउँपालिका तथा सैनामैना र तिलोत्तमा नगरपालिकाका जनप्रतिनिधिले आफ्ना इलाकामा अवस्थित सामुदायिक विद्यालय समायोजन वा गाभ्ने र निजी विद्यालय सञ्चालन स्वीकृति दिने जस्ता निर्णय गरेका छन् । रिपोर्टका अनुसार यी निर्णय सार्वजनिक शिक्षालाई सुधार्नेभन्दा पनि निजी लगानीमा सञ्चालित विद्यालयलाई सहयोग पुग्ने उद्देश्यले प्रेरित थिए । अनि यी जनप्रतिनिधिमध्ये केही निजी विद्यालयका लगानीकर्ता समेत हुन् (मल्ल २०७५क) ।

खारेज गरिएका वा गाभिएका सामुदायिक विद्यालयका सम्पत्तिबारे पनि सरोकार व्यक्त गरिएका छन् । विकट ग्रामीण क्षेत्रका सार्वजनिक सम्पत्ति (भवन, टेबल-कुर्सी, आदि) यसै खेर गएको, अचल सम्पत्तिको पनि संरक्षण हुन नसकेको समाचारहरूमा देखिन्छ । शहरी क्षेत्रमा भने अन्य हिसाबले सामुदायिक विद्यालयका सम्पत्ति जोखिममा परेको देखिन्छ । नेपालका पुराना कतिपय सामुदायिक विद्यालयसँग पर्याप्त अचल सम्पत्ति (जग्गा-जमिन, भवन) छन् । थोरै अचल सम्पत्ति हुँदा पनि शहरी क्षेत्रका विद्यालयको कुल सम्पत्ति करोडौँमा पुग्न सक्छ । यस्तो अवस्थामा स्थानीय सरकारका नेतृत्वकर्ता र दलालहरूको मिलिभगतमा शैक्षिक संस्थाका सम्पत्ति अपचलन गर्ने, गैर-शैक्षिक काममा उपयोग हुन सक्ने सम्भावना रहन्छ । समाचारपत्रमा आएका खबरले त्यतातर्फ पनि संकेत गरेका छन् (मल्ल २०७५क, २०७६) ।

विद्यालय सञ्चालन गर्ने बहानामा विद्यालयको सम्पत्ति स्थानीय जनप्रतिनिधिले दुरुपयोग गर्न सक्ने विषयलाई शिक्षक संघ/संगठनले बारम्बार उठाइरहेका छन् । यो मुद्दाले फागुन ९, २०७५ मा शिक्षा मन्त्रालय र शिक्षक महासंघ बीचको सहमतिमा समेत स्थान पायो । सहमतिको एउटा बुँदामा भनिएको छ, "गाभिएका वा बन्द भएका सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था गर्न संघीय ऐनमा कानूनी प्रबन्ध गर्ने । विद्यालय बन्द भएमा त्यस्तो संरचना शैक्षिक कार्य बाहेक अन्यमा प्रयोग गर्न नमिल्ने कानूनी प्रबन्ध गर्ने तर नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले अन्य प्रयोजनमा

[५४] कहीँ-कहीँ भने स्थानीय सरकारले चाहँदा पनि राजनीतिक कारणले गाभ्न नसकिएको बताइन्छ । काभ्रेको पनौतीमा भदौ ३१, २०७५ मा मार्टिन चौतारी र ग्रामीण सामुदायिक संगठन नेपालले आयोजना गरेको "संघीयतामा विद्यालय शिक्षा" कार्यक्रममा सहभागीले अभिव्यक्त गरेका विचार ।

पनि प्रयोग गर्न सकिने प्रबन्ध गर्ने ।"[५५] ऐनले स्थानीय सरकारलाई सम्पत्ति व्यवस्थापन गर्ने अधिकार दिए पनि सोको सम्भावित दुरुपयोग रोक्न महासंघले यो बुँदा अघि सारेको हो ।[५६]

केही स्थानमा भने स्थानीय सरकार/जनप्रतिनिधिले सामुदायिक विद्यालयको सम्पत्तिमाथि "कब्जा" जमाएको पाइयो । रौतहटको राजदेवी नगरपालिकाको श्री प्राथमिक विद्यालयका चार कोठा नगरपालिकाले कब्जा गरेको समाचार छ । पालिका कार्यालयसँगै जोडिएको यो विद्यालयका कक्षा कोठामा अहिले नगरपालिकाका विभिन्न शाखाका हाकिमका टेबल-कुर्ची छन् (पौडेल २०७६) । त्यस्तै, पहिले अर्कै भवनमा रहेको सूर्यविनायक नगरपालिकाको ८ नम्बर वडाको कार्यालय त्यहाँ स्थित शान्ति निकेतन मा.वि.को माथिल्लो तलामै सारिएको छ । यसले गर्दा विद्यालयको पठन-पाठनमा बाधा पुग्न जान्छ । यी यावत उदाहरणले सामुदायिक विद्यालय खारेज, मर्ज या कब्जा हुँदै गरेको, त्यसका पछाडि विभिन्न अर्थ-राजनीतिक कारण रहेको र त्यसले सामाजिक रूपमा जटिलता सिर्जना गर्न सक्नेतर्फ इंगित गर्दछन् ।

### *शैक्षिक गुणस्तर र भाषाको मुद्दा*

नेपालको नयाँ संविधानले मातृभाषामा शिक्षा पाउने व्यवस्था गरेको छ (नेपाल सरकार २०७२) ।[५७] सोही संविधान अनुरूप सरकारले बनाएको अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ऐनको दफा २८ र २९ मा मातृभाषामा शिक्षा सम्बन्धमा व्यवस्था गरिएको छ । ऐनमा भनिएको छ, "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।" यद्यपि, "त्यस्तो शिक्षा प्रचलित कानून बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनु पर्ने" समेत उल्लेख छ (नेपाल कानून आयोग २०७५) ।

संविधान र कानूनमा उल्लेख भए बमोजिमको अधिकार र प्रावधानलाई केही स्थानीय सरकारले केही मात्रामा कार्यान्वयन गर्नेतर्फ लागेको देखिन्छ । केही पालिकाले स्थानीय/मातृभाषामा शिक्षा दिने तथा स्थानीय विषयमा केन्द्रित रही पाठ्यक्रम बनाएर क्रमश: लागू गरेको देखिएको छ । उदाहरणका लागि २०७५ सालबाटै भक्तपुर नगरपालिकाले आफ्नो

[५५] हेर्नुहोस्, फागुन ९, २०७५ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच भएको सहमतिको प्रतिलिपि ।

[५६] राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष लक्ष्मण शर्मासँग चैत अन्तिम हप्ता २०७५ मा गरिएको कुराकानी ।

[५७] नेपालको संविधान, २०७२ अनुसार "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।"

नगरभित्रका लागि भनेर कक्षा १ देखि ८ सम्म लागू हुने गरी भक्तपुरको ऐतिहासिक कला, संस्कृति र परम्परा तथा संस्कार आदिलाई समेटेर स्थानीय पाठ्यक्रम तयार गरी लागू गरेको छ (सुब्बा २०७५क) । त्यस्तै, थारू बहुल बारबर्दिया नगरपालिकाले थारूहरूमा ज्यादा देखिएको सिकलसेल बिमारी सम्बन्धी पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याएको छ ।[५८]

सोही ऐनको दफा २९ मा संघ, प्रदेश र स्थानीय सरकारले मातृभाषामा शिक्षा दिने काममा सघाउन निश्चित रकम प्रत्येक वर्ष अनुदान दिन सक्ने व्यवस्थाका साथसाथै "मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानीय विशेषता र आवश्यकता अनुसार थप प्रबन्ध गर्न सक्ने" व्यवस्था छ । पाँचथरको फाल्गुनन्द गाउँपालिकाले आफ्नो पालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूमा लिम्बूभाषा (मातृभाषा) मा शिक्षा प्रदान गर्न शिक्षकहरूको व्यवस्था गर्ने निर्णय गरेको थियो । तर, सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का फाल्गुनन्द गाउँपालिकाका सचिव इन्द्रकुमार नेम्वाङले गाउँपालिकाको मातृभाषी शिक्षक नियुक्ति प्रक्रिया रोक्न माग गर्दै कात्तिक ६, २०७६ मा उच्च अदालत इलाममा रिट दायर गरेपछि अदालतले मातृभाषी शिक्षक नियुक्ति तत्कालका लागि रोक्न आदेश दियो ।[५९]

स्थानीय पाठ्यक्रम वा स्थानीय वा मातृभाषामा शिक्षा दिनेतर्फ केही स्थानीय सरकारले सानो-तिनो प्रयत्न गरे पनि ज्यादातर स्कूलको यतातर्फ ध्यान छैन । बरु त्योभन्दा धेरै विद्यालय, विव्यस, वडाध्यक्ष वा अन्य जनप्रतिनिधिको रुचि अंग्रेजी भाषामा शिक्षा प्रदान गर्नेतर्फ छ । खास गरी निजी विद्यालयहरूका विद्यार्थीहरू परम्परागत परीक्षा प्रणालीको परीक्षणमा सफल देखिनुको मुख्य कारण उनीहरूको अंग्रेजी भाषाको पढाइ हो भन्ने बुझाइ उनीहरूको छ । गुणस्तरीय शिक्षा भनेको अंग्रेजीमा पढाउनु हो भन्ने उनीहरू ठान्छन् ।[६०] त्यही भएर उनीहरूले सामुदायिक विद्यालयमा पनि अंग्रेजीमा पढाउने व्यवस्था गर्न थालेका छन् । यसले स्थानीयहरूको बोर्डिङ स्कूल प्रतिको आकर्षण घट्ने र सामुदायिक विद्यालयमा विद्यार्थीहरूको संख्या बढ्ने उनीहरूको अनुमान छ । व्यावहारिक रूपमा कतिपय स्थानमा

[५८] बारबर्दिया नगरपालिकाका पूर्व नगर शिक्षा अधिकृत टीका नाथ गोसाईसँग असोज १०, २०७६ मा गरिएको कुराकानी ।

[५९] हेर्नुहोस्, www.sarbajanik.com/sarbajanik/36300/?fbclid=IwAR2FVd7jyEIxvZM17yMLAdb-EwnGccfEQ_GTqt5FYvgp-0tm9poehLq4u-U; मंसिर २५, २०७६ मा हेरिएको ।

[६०] कुराकानी क्रममा विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन अंग्रेजीमा विद्यार्थी पढाउने व्यवस्था गरेको या गर्न खोजेको कुरालाई धेरै जनप्रतिनिधिले गर्व साथ बताए । धेरै प्रअ/शिक्षकले भने "नेसेसरी इभिल" को रूपमा यसलाई अँगाल्न परेको बताए । चैत २०७५ देखि पुस २०७६ सम्म विभिन्न मितिमा भएको कुराकारी ।

त्यस्तै देखिएको पनि छ । पूर्वदेखि पश्चिम सम्मका थुप्रै सामुदायिक विद्यालय जहाँ अंग्रेजी भाषामा पढाइ शुरू भएको छ त्यहाँ विद्यार्थी संख्या बढेको छ । त्यहाँ विद्यार्थीले मासिक शुल्क पनि तिर्नै पर्छ ।

तर, नेपालका सामुदायिक विद्यालयमा शुरू हुँदै गरेको अंग्रेजी भाषाको पढाइका केही समस्या छन् । पहिलो, नेपाली माध्यमबाट पढाइरहेका धैरै शिक्षकहरू स्वयंको अंग्रेजी-ल्याकत कमजोर भएकाले उनीहरू स्वयंले कस्तो अंग्रेजीमा पढाउलान् ? दोस्रो, जसोतसो पढाए पनि कति बुझाउलान् ? विद्यार्थीले कति बुझ्लान् ? नबुझेको खण्डमा प्रश्न समेत गर्न सक्लान् ? यस्तो स्थितिमा प्रश्नोत्तरी रटेर-घोकेर केही विद्यार्थीले परीक्षामा लेख्लान् पनि । तर उनीहरूले बुझ्ने कुरा कति होला, या उनीहरूको नेपाली र अंग्रेजी दुवै कमजोर नहोला ? यी दूरगामी प्रभाव राख्ने महत्त्वपूर्ण र मननीय सवाल हुन् । यसबारे पत्रपत्रिकामा छलफल पनि भएका छन् र प्राज्ञिकहरूको पनि थोरबहुत ध्यान आकर्षित भएको पाइन्छ, तर यसले थप गहन अध्ययनको माग गर्दछ ।[६१]

## निष्कर्ष

नेपाल संघीय व्यवस्थामा गइसकेपछि र सोही व्यवस्था अनुरूपको संवैधानिक व्यवस्था भइसकेपछि सम्बन्धित सबै पक्षबाट मुलुकको मूल कानून अर्थात् संविधानको मर्म र भावना अनुरूपको कामकारवाही अपेक्षा गरिएको थियो । खास गरी एकात्मक राज्यबाट संघीय शासन-व्यवस्थामा प्रवेश (ट्रान्जिशन) गर्दा केही कठिनाइ र असमञ्जसको स्थिति आउनु अस्वाभाविक होइन । प्रारम्भिक दिनका त्यस्ता बाधा-अडचनलाई संघीय संसद र मूलत: संघीय सरकारले अग्रसरता लिएर सहज तुल्याउन वाञ्छनीय हुने थियो ।

नेपालको विद्यालय शिक्षा क्षेत्रको सन्दर्भमा हेर्दा, प्रारम्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी कार्यान्वयनमा ल्याएको ऐन (स्थानीय सरकार सञ्चालन सम्बन्धी) ले केही हदसम्म संविधानको भावनालाई आत्मसात् गर्दै स्थानीय सरकारलाई सघाउन खोजेको देखिन्थ्यो । सोही क्रमलाई निरन्तरता दिँदै विद्यालय शिक्षक र स्थानीय सरकारका नेतृत्वबीच देखिएका असमझदारीहरूलाई निब्ट्याउन संघीय सरकार (शिक्षा मन्त्रालय) ले नेतृत्व लिई सहजीकरण गर्न आवश्यक थियो । तर, त्यसको विपरीत पछिल्ला दिनमा संघीय सरकारको शिक्षा मन्त्रालय तथा सो मन्त्रालय सम्बद्ध कर्मचारीतन्त्रले संविधानमा लेखिएको भन्दा अन्यथा हुने गरी कानून बनाउने, सहमति/सम्झौता गर्ने, र निर्देशन दिने गरेको देखिन्छ । संघीय सरकारको मूल नेतृत्वको सह नपाइकन फगत मन्त्रालय

[६१] विद्यालयमा शिक्षण सिकाइको भाषाबारे पछिल्ला दशकमा नेपालमा बहस-छलफल गरिएको छ । शिक्षण सिकाइ प्रक्रिया अंग्रेजी माध्यम गर्दा हुन सक्ने समस्याबारे हेर्नुहोस्, सुब्बा र झापाली (२०७६); पंगेनी (२०७५); फ्याक (२०७५); मल्ल (२०७५ख) ।

तह र कर्मचारी संयन्त्रबाट यस्ता गतिविधि भइरहेको भन्ने मान्न कठिन छ (श्रेष्ठ २०७६)। यसरी खास गरी शिक्षा क्षेत्रको आँखीझ्यालबाट हाम्रो मुलुकमा व्यवहृत भइरहेको संघीय अभ्यास हेर्दा यो फर्जी संघीयतामा रूपान्तरित हुँदै गएको देखिन्छ ।

नेपालको नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई विद्यालय शिक्षाका थुप्रै पक्षमा संलग्नताका लागि आधार दिएकाले संविधानप्रदत्त अधिकार प्रयोग गर्दै कतिपय स्थानीय सरकार आफ्नो हिसाबले अघि बढिसकेका छन् । स्थानीय सरकार र विद्यालयहरू चाहेर-नचाहेर नजिकिएका छन्, सहभागिता बढेको छ । पहिले फुक्काफाल शिक्षकहरू अहिले केही हदसम्म स्थानीय सरकार/जनप्रतिनिधिको निगरानीमा छन् । शिक्षकहरूमा असन्तुष्टि जारी छ तथापि त्यो विस्तारै मत्थर हुँदै गइरहेको जस्तो देखिन्छ । त्यसैले शिक्षक र तिनका संघ/संगठन वा अरू केहीले चाहेजस्तो शिक्षालाई पछाडि फर्काउन संविधान संशोधन गरेर मात्र सकिनेछ तर त्यसका लागि ठूलै सामाजिक मूल्य चुकाउनु पर्ने हुन्छ ।

स्थानीय सरकार मातहत विद्यालय शिक्षा आएको त छ, तर ज्यादाजसो स्थानीय सरकारको मुख्य प्राथमिकता बाटा-घाटा तथा पुल-पुलेसा जस्ता भौतिक निर्माणतर्फ छ । सुदृढ राजनीतिक संस्कार नहुँदा केही स्थानीय सरकारले चालेका कदमका कारण ती स्थानमा सार्वजनिक शिक्षा गिजोलिएको समेत छ । केही स्थानीय सरकार निरपेक्ष जस्ता देखिन्छन् । धेरै स्थानीय सरकार शिक्षा आफ्नो प्राथमिकतामा रहेको बताउँछन् र केही गर्ने चाहना, हुटहुटी पनि तिनमा छ । केही स्थानीय सरकारले भने सार्वजनिक शिक्षामा उल्लेख्य लगानी गर्दैछन्, जसको दूरगामी सकारात्मक प्रभाव रहने देखिन्छ । समग्रमा हेर्ने हो भने नेपालको सार्वजनिक शिक्षा क्षेत्रमा झिनै सही, सुधारका केही संकेत देखिएका छन्, तर यी सुधारका झिल्काले यो क्षेत्रलाई थप उजिल्याउँदै लाने छन् कि ती झिल्का निभेर जानेछन् भन्ने कुरा सरोकारवालाहरूको गतिविधिमा निर्भर रहनेछ ।

## धन्यवाद

यो अनुसन्धान लेख मार्टिन चौतारीले विद्यालय शिक्षाबारे प्रकाशित गरेका दुई ओटा शोध संक्षेप—*संघीयता र विद्यालय शिक्षा* (अंक २४, जेठ २०७६) र *संघीय व्यवस्थामा स्थानीय सरकार र विद्यालय शिक्षा* (अंक २८, पुस २०७६)—को सामान्य संशोधित रूप हो । यो लेख तयार गर्ने क्रममा हाम्रो अनुरोधलाई स्वीकार गरी छलफलमा सहभागी भएका सबैलाई विशेष धन्यवाद छ । त्यसै गरी स्थानीय तहमा "संघीयतामा विद्यालय शिक्षा" विषयक कार्यशालाको संयोजन गरेर यस कार्यमा सहयोग गर्नुहुने माधवप्रसाद गतौंला (इलाम), भोला पासवान (सप्तरी), श्रीकृष्ण थापा (काभ्रे), श्रीधर पौडेल (काठमाडौं), विष्णुकुमार खडका तथा रमेश खत्री (सुर्खेत) र भीम बोहोरा (कैलाली) प्रति हामी आभारी

छौँ । लेखको मस्यौदा पढी सुझाव दिनुहुने प्रत्यूष वन्त र प्रेम फ्याकलाई धन्यवाद छ । डेनमार्कको विदेश मन्त्रालयको सहयोग (डानिडा फेलोशिप सेन्टरले व्यवस्थापन गरेको) मा सञ्चालित परियोजनाबाट यो अनुसन्धान लेख तयार गरिएको हो, यसका लागि हामी डानिडा फेलोशिप सेन्टरप्रति आभारी छौँ ।

## सन्दर्भ सामग्री

अनलाइन खबर । २०७५ । ठोरीका विद्यालयमा विद्युतीय हाजिरी । www.onlinekhabar.com/2019/02/739344 मा उपलब्ध; मंसिर १०, २०७६ मा हेरिएको ।

एडुखबर डट कम । २०७६ । करार शिक्षकको नियुक्ति स्थानीय सरकार आफैले गर्ने, शिक्षा मन्त्रालयको परिपत्र संविधान विपरीत । www.edukhabar.com/news/13429 मा उपलब्ध; वैशाख २४, २०७६ मा हेरिएको ।

कान्तिपुर । २०७५क । शिक्षक आन्दोलनमा । www.kantipurdaily.com/pradesh-6/2018/11/17/15424311497069115.html मा उपलब्ध; जेठ ३, २०७६ मा हेरिएको ।

कान्तिपुर । २०७५ख । ७७ जिल्लामा शिक्षा कार्यालय पुन:स्थापना । माघ १०, पृ. १ ।

कान्तिपुर । २०७५ग । शिक्षकको हाजिरी मेयरले हेर्ने । वैशाख ६ । https://ekantipur.com/pradesh-4/2018/04/19/152410909447266445.html मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

काफ्ले, प्रतीक्षा । २०७४ । विद्यालयमा पनि विद्युतीय हाजिरी । https://ekantipur.com/national/2018/01/03/20180103072244.html मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

काफ्ले, प्रतीक्षा । २०७५ । स्थानीय तहमा आफूखुसी शिक्षा ऐन : संघ र प्रदेशको ढिलाइले हतारिए स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाइ भूमिकाविहीन । www.kantipurdaily.com/pradesh-4/2018/12/14/1544763 81913354595.html मा उपलब्ध; जेठ ३, २०७६ मा हेरिएको ।

कैनी, सुदीप । २०७५क । शिक्षा मन्त्रालयसँग स्थानीय तह असन्तुष्ट । www.kantipurdaily.com/news/2018/08/23/153503809783926458.html मा उपलब्ध; वैशाख २६, २०७६ मा हेरिएको ।

कैनी, सुदीप । २०७५ख । शिक्षामा स्थानीय तहको अधिकार खोसिँदै । *कान्तिपुर*, फागुन १२, पृ. १ र २ ।

कैनी, सुदीप । २०७६ । शिक्षक नियुक्ति केन्द्रबाटै । *कान्तिपुर*, वैशाख ८, पृ. १ र १६ ।

गौतम, हरि । २०७५क । एक वर्षदेखि प्रधानाध्यापक गयल । https://ekantipur.com/pradesh-5/2019/03/21/1553138477279693.html मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

गौतम, हरि । २०७५ख । विद्यालय व्यवस्थापन अध्यक्ष नगरपालिकाले तोक्ने । https://ekantipur.com/pradesh-6/2019/01/11/154718052287464990.html मा उपलब्ध । मंसिर १०, २०७६ मा हेरिएको ।

घिमिरे, सुदर्शन । २०६४ । समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण : आकर्षण र आपत्ति । *शिक्षक,* फागुन, पृ. २६–३२ ।

डीआरसीएन (डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल) । २०७६ । *विद्यालय शिक्षा र स्थानीय सरकार* । ललितपुर : डीआरसीएन ।

ढकाल, शेरप्रसाद । २०७५ । शिक्षक छनोटमा नयाँ अभ्यास । *शिक्षक*, फागुन, पृ. १४ ।

थापा, दिनेश । २०७४ । 'नियमविपरीत' विद्यालय व्यवस्थापन समिति खारेज । www.onlinekhabar.com/2017/12/648508 मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

दंगाल, ध्रुव । २०७५ । शिक्षक सरुवा विरुद्ध सर्वोच्चको अन्तरिम आदेश । *नागरिक*, जेठ १०, पृ. ४ ।

दमक नगरपालिका । २०७४ । दमक नगरपालिका शिक्षा नियमावली, २०७४ । www.damakmun.gov.np/ne/act-law-directives मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

दाहाल, राजेन्द्र । २०७३ । समुदायबाट अलग्याइँदै सामुदायिक विद्यालय । *शिक्षक,* माघ, पृ. ४ ।

नेपाल कानून आयोग । २०५८ । *शिक्षा ऐन २०२८* (सातौँ संशोधन), २०५८ । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल कानून आयोग । २०७४ । *शिक्षा ऐन, २०२८* (नवौँ संशोधन), २०७४ । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल कानून आयोग । २०७५ । *अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल, प्रदीप । २०६५ । शिक्षा : तीतामीठा सम्झनाहरू । *शिक्षा* । हरिबोल खनाल र अरूहरू, सं., पृ. १–३ । भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान, २०७२* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार । २०७४ । *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* । काठमाडौँ : नेपाल सरकार ।

पंगेनी, लक्ष्मीप्रसाद । २०७५ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम : विद्यार्थीले न अंग्रेजी जाने न नेपाली । *शिक्षक*, वैशाख, पृ. १२–१३ ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रुख गुरुङ । २०७६ । *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* । काठमाडौँ : मार्टिन चौतारी ।

पाण्डे, सूर्यप्रसाद । २०७६क । करार शिक्षक नियुक्त गर्ने बाटो खुला । http://annapurnapost.com/news/125530 मा उपलब्ध; जेठ २, २०७६ मा हेरिएको ।

पाण्डे, सूर्यप्रसाद । २०७६ख । शिक्षक सरुवा खुल्यो । http://annapurnapost.com/news/126747 मा उपलब्ध; जेठ २, २०७६ मा हेरिएको ।

पौडेल, श्रीधर । २०७६ । बेवारिसे सार्वजनिक शिक्षा । www.edukhabar.com/news/14159 मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

फ्याक, प्रेम । २०७५ । शिक्षामा अंग्रेजी माध्यमको प्रयोग : भ्रम र यथार्थ । *शिक्षक*, पुस, पृ. २६–२९ ।

बस्नेत, देवेन्द्र । २०७५ । विवादास्पद निर्णय गर्दै स्थानीय सरकार । *नागरिक*, असार १२, पृ. १ र ४ ।

बुढा, ललितबहादुर । २०७५ । विद्यालय गाभिएपछि बालबालिकालाई सकस । http://annapurnapost.com/news/113727 मा उपलब्ध, मंसिर २८, २०७६ मा हेरिएको ।

मल्ल, कृष्ण । २०७५क । जनप्रतिनिधिको स्वार्थमा स्कूल समायोजन : सामुदायिक घट्दै, निजी बढ्दै । *शिक्षक*, असार, पृ. ३२–३८ ।

मल्ल, कृष्ण । २०७५ख । अंग्रेजी माध्यम मोह : सामुदायिक विद्यालयको नयाँ ललिपप ! *शिक्षक*, पुस, पृ. ३०–३३ ।

मल्ल, कृष्ण । २०७६ । पाल्पाका ५ निजी स्कूललाई गाउँपालिकाको रु. २.१५ करोड: समायोजन कि खरिद ? *शिक्षक*, जेठ, पृ. २६–३१ ।

मार्टिन चौतारी । २०७६क । *संघीयता र विद्यालय शिक्षा* । शोध-संक्षेप २४ । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७६ख । *संघीय व्यवस्थामा स्थानीय सरकार र विद्यालय शिक्षा* । शोध-संक्षेप २८ । काठमाडौँ : मार्टिन चौतारी ।

मिश्र, राजेश । २०७५ । शिक्षा कानूनमा केन्द्रको अंकुश । *कान्तिपुर*, पुस १५, पृ. ३ ।

शर्मा, लक्ष्मण । सन् २०१७ । संघीयतामा शिक्षक व्यवस्थापन : शिक्षक महासंघको दृष्टिकोण । अप्रकाशित कार्यपत्र, नेपाल राष्ट्रिय शिक्षक संगठन, ललितपुर ।

शिविप्रम (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) । २०७६ । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन, २०७६ । https://ratopati.prixacdn.net/media/files/2019/01/19/Education_Commission-Report_2075.pdf मा उपलब्ध (अनअफिसियल कपी), मंसिर २५, २०७६ मा हेरिएको ।

श्रेष्ठ, श्याम । २०७६ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ : सिरानीमुनि लुकाइएको आयोगको प्रतिवेदन । *शिक्षक*, जेठ, पृ. ३२–३६ ।

सुब्बा, रोश्ना । २०७५क । स्थानीय पाठ्यक्रम पहिलो बन्यो भक्तपुर नपा । https://shikshakmasik.com/289 मा उपलब्ध; मंसिर ९, २०७६ मा हेरिएको ।

सुब्बा, रोश्ना । २०७५ख । शिक्षा सुधार्न पहिला शिक्षक मिलाऊ ! *शिक्षक*, मंसिर, पृ. १६–१९ ।

सुब्बा, रोश्ना र गोपाल झापाली । २०७६ । अंग्रेजीका नाउँमा अपहत्ते । *शिक्षक,* साउन, पृ. ३६–४० ।

Carney, Stephen, Min B. Bista and Jytte Agergaard. 2007. 'Empowering' the 'Local' through Education ? Exploring Community Managed Schooling in Nepal. *Oxford Review of Education* 33(5): 611–628.

Kushiyait, Binay Kumar. 2011. School Dropout and Its Relationship with Quality of Primary Education in Nepal. *The Geographical Journal of Nepal* 8: 23–32.

Parajuli, Lokranjan. 2019. Schools as an Arena of Struggle: Reexamining the Panchayat Era Politics of Education. *Studies in Nepali History and Society* 24(2): 381–414.

The Himalayan Times. 2017. Schools Shut for Months in Bajura with Teachers Absent. https://thehimalayantimes.com/nepal/schools-shut-months-bajura-teachers-absent/ मा उपलब्ध, मंसिर १०, २०७६ मा हेरिएको ।

The World Bank. 2001. Nepal: Priorities and Strategies for Education Reform. South Asia Region, Human Development Unit.

## लेखक परिचय

**लोकरञ्जन पराजुली** ऐतिहासिक समाजशास्त्री हुन् । उनको सह/सम्पादनमा आठ ओटा पुस्तक प्रकाशित छन् । उनले शिक्षा, सार्वजनिक वृत्त, पुस्तकालय, राजनीति, नागरिक समाज, मिडिया आदिबारे लेखेका छन् । उनी *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*को सम्पादन समूहका सदस्य हुन् । ईमेल : rameshparajuli@gmail.com

**देवेन्द्र उप्रेती** मार्टिन चौतारीका अनुसन्धाता हुन् । *द स्टेट अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी : टिचिङ एण्ड रिसर्च इन नेपाल* (सन् २०१४) र *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* (२०७६) का सह-लेखक उप्रेतीका उच्च शिक्षा, विधा अध्ययन र प्राज्ञिक संस्थाबारे लेख प्रकाशित छन् । ईमेल : upretydevendra@gmail.com

**रुख गुरुङ** मार्टिन चौतारीका अनुसन्धाता हुन् । उनी *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* (२०७६) का सह-लेखक हुन् । उनले शिक्षा, प्राकृतिक विपद्, युवाबारे अनुसन्धान गरेका छन् । उनी युवा नामक संस्थाका सह-संस्थापक र अध्यक्ष (सन् २००९–२०१२) समेत हुन् । ईमेल : rukh.grg@gmail.com